# बेपत्ताको शवोत्खनन – नीतिगत संरचनाको आवश्यकता

ADVOCACY FORUM

एडभोकेसी फोरम

**बेपत्ताको शवोत्खनन – नीतिगत संरचनाको आवश्यकता**

पहिलो संस्करण २०६८

प्रकाशक

एड्भोकेसी फोरम
गैह्रीधारा, काठमाडौँ
नेपाल
पोब.नं. २१७९८
टेलिफोन : ९७७–१–४००४००७/८
फ्याक्स : ९७७–१–४२६६९८
इमेल : info@advocacyforum.org.np
वेबसाइट : www.advocacyforum.org

प्रतिलिपि अधिकार © एड्भोकेसी फोरम

*ले-आवट तथा आवरण डिजाइन*

किशोर प्रधान

काठमाडौं, नेपालमा मुद्रित

# आभार

यो प्रतिवेदन रविन्द्र गौतम तथा इन्ग्रिड मसाजेद्वारा अनुसन्धान गरी तयार पारिएको हो भने कमल पाठकले यसमा महत्वपूर्ण सुझाव दिनुभएको हो। यसको सम्पादन एड्भोकेसी फोरमका अध्यक्ष मन्दिरा शर्माले गर्नुभएको हो।

प्रतिवेदनको नेपालीमा अनुवाद विन्देश दहाल तथा ध्रुवकुमार श्रेष्ठले गर्नुभएको हो।

यो प्रतिवेदन तयार पार्नका लागि सूचना, विश्लेषण तथा सहयोग गर्नुहुने सबैप्रति एड्भोकेसी फोरम आभार प्रकट गर्दछ। यस्ता व्यक्तित्वमा अन्तर्राष्ट्रिय रेडक्रस समिति (आइसिआरसि), नेपाल मानवअधिकार आयोग तथा नेपालस्थित संयुक्त राष्ट्रसंघ मानवअधिकार उच्चायुक्तको कार्यालय, आइसिजे तथा रिड्रेस ट्रस्टका अधिकारीहरू हुनुहुन्छ। हामीसँग आफ्ना अनुभव बाँड्ने पीडित तथा तिनका परिवारजनलाई हामी विशेष धन्यवाद दिन्छौं। भविष्यमा हुने उत्खनन्का क्रममा बेपत्ताका परिवारको अधिकारलाई केन्द्रमा राख्न यो प्रतिवेदनले योगदान पुऱ्याउँनेछ भन्ने हाम्रो आशा छ।

# विषयसूची


**आभार** ग

**कार्यकारी सारांश** छ

**धनुषाका विद्यार्थीको मुद्दा** **१-१६**

परिचय १

धनुषाका विद्यार्थीको मुद्दा ४

*उत्खनन स्थलको संरक्षण* ९

*पीडितका शवोत्खनन : राष्ट्रिय मानवअधिकार आयोगको पहल* ९

*पीडितका परिवारलाई अज्ञानतामा राखिएका* ११

**अन्य उत्खननका दौरान परिवारले भोगेका अनुभव** **१७-२२**

सरला सापकोटाको बेपत्ता मुद्दा १७

हरिप्रसाद बोलखेको बेपत्ता मुद्दा १९

शिवपुरी राष्ट्रिय निकुञ्जको मुद्दा १९

डेकेन्द्रराज थापाको शव उत्खनन २१

मैना सुनुवारको शवोत्खनन २१

**विद्यमान कानुनी तथा नीतिगत संरचनामा रहेका प्रमुख कमीकमजोरी** **२३-३३**
प्रहरी अनुसन्धान २३
राष्ट्रिय मानवअधिकार आयोग २८
स्वास्थ्य कमी २९
सरकारी वकिल ३०

**अन्तर्राष्ट्रिय मापदण्ड तथा राम्रा अभ्यास** **३५-४४**
अन्तर्राष्ट्रिय दस्तावेज ३५
अन्तर्राष्ट्रिय विधिशास्त्र ४२
*ग्वाटेमाला : अनुसन्धान पद्धतिलाई मापदण्ड अनुकूल बनाउने प्रयास* ४३
*दक्षिण अफ्रिकी पद्धति* ४४

**निष्कर्ष तथा सुझाव** **४५-४९**
कानुनी सुधार ४६
नीतिगत संरचना तथा व्यवहारिक उपाय ४७

# कार्यकारी सारांश

धनुषा जिल्लाका पाँचजना विद्यार्थीको बेपत्ता, ज्यान मार्ने तथा शवोत्खनन दण्डहीनताको प्रतिनिधिमूलक घटना हो। अन्तर्राष्ट्रिय कानुनअन्तर्गत गम्भीर प्रकृतिका अपराध मानिएका यस्ताखाले घटनाका पीडकलाई विद्यमान दण्डहीनताले संरक्षण गरिरहेको छ। संस्थागत दण्डहीनताले पीडितको परिवारमा पुऱ्याएको पीडाको छनक यो मुद्दाका प्रस्तुत सारांशले दिन्छ :

- पाँचजना विद्यार्थीलाई धनुषामा २०६० असोज २१ गते पक्राउ गरी त्यही दिन ज्यान मार्ने काम गरिएको थियो,
- लगभग ३ वर्षपश्चात् २०६२ माघ १० गते अनेकौँ अस्वीकार र अवरोधपश्चात् शाही नेपाली सेना (हाल नेपाली सेना) ले राष्ट्रिय मानवअधिकार आयोगलाई एक पत्र लेखी यी पाँच विद्यार्थीलाई पक्राउ गरेकै दिन ज्यान मारेको हो भनी स्वीकार गऱ्यो तर हत्याको जिम्मेवारी नेपाल प्रहरीमाथि थोपऱ्यो,

- निरन्तरको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दबाब पछि नेपाल प्रहरीले अभियोजनको पहिलो कदमका रूपमा २०६३ असार २५ मा जाहेरी दर्ता गरेको कुरा पीडित परिवारलाई बतायो र लास गुपचुप गाडिएको ठाउँलाई घेराबन्दी गऱ्यो,

- तीन वर्षको निष्क्रियता र लास गाडिएको स्थानलाई गरिएको बेवास्तापछि सर्वोच्च अदालतले गरेको प्रश्नको जवाफ दिँदै प्रहरीले जाहेरी दर्ता नै नगरेको स्वीकार गऱ्यो र अदालतले जाहेरी दर्ता गरी तत्काल अनुसन्धान सुरु गर्नू भनी आदेश दियो,

- पीडतहरूलाई बेपत्ता बनाएको सात वर्षपछि २०६७ असोजमा यस मुद्दालाई उठाउन नेतृत्वदायी भूमिका निर्वाह गरेका एक पीडितका पिता तथा कानुन व्यवसायीको हृदयाघातबाट मृत्यु भएपछि शवोत्खनन कार्य सुरु भयो तर सो उत्खनन कार्य प्रक्रियागत ढङ्गले नगरिएकाले यसले अन्तर्राष्ट्रिय मापदण्ड तथा पीडित परिवारको सम्मान गरेन,

- २०६७ असारमा यस घटनामा जिम्मेवार भनिएकामध्ये एक व्यक्तिलाई नेपाल प्रहरीको उच्च तहमा बढुवा गरियो। बढुवाको रोक्काको लागि परेको रिट निवेदनउपर बोल्दै सर्वोच्च अदालतले अनुसन्धानको परिणाम नआउन्जेलसम्म मानवअधिकार आयोगले कारबाहीका लागि गरेको सिफारिस नै बढुवा रोक्काका लागि आदेश दिन पर्याप्त आधार नभएको भनी अन्तरिम आदेश जारी गऱ्यो।

शवोत्खनननमा केन्द्रित प्रस्तुत प्रतिवेदनले कानुन तथा व्यवहारमा भएका कमजोरी औँल्याएको छ। उत्खनन प्रक्रियामा संलग्न व्यक्तिहरूका जिम्मेवारी स्पष्ट रूपमा नतोकिनु, उत्खननका कार्यमा हुने ढिलासुस्ती, यसबाट प्राप्त प्रमाणहरूको जोगेर्ना

गर्न नसक्नु र कानुन कारबाहीमा यस्ता प्रमाणहरू स्वीकार्य हुने कराको सुनिश्चितता नहुनु, धनुषा तथा अन्यत्र गरिएका उत्खनन प्रक्रियामा पीडितका आफन्तको आवश्यकतालाई ध्यान नदिइनु तदर्थवादी उत्खनन प्रक्रियाका केहि दृष्टान्त हुन् भन्ने मत एड्भोकेसी फोरमको छ। फौजदारी अनुसन्धानमा प्रमाण संकलन गर्न र/अथवा भविष्यमा गठन हुने संक्रमणकालीन न्यायका संयन्त्रको एक अङ्गको रूपमा उत्खनन प्रक्रिया सञ्चालन गर्न सबैले बुझ्नेखालको नीतिगत संरचनाको तत्काल आवश्यकता रहेको कुरामा यस्ता तदर्थवादी उत्खननले सबैको ध्यानार्कषण गराउदछ।

विगतको सशस्त्र द्वन्द्वलाई सम्बोधन र मूल्यांकन गर्न नेपाल अझै प्रारम्भिक चरणमा नै रहेको यथार्थलाई आत्मसाथ गर्दै अन्तर्राष्ट्रिय मापदण्ड तथा राम्रा अभ्यासकै स्तरमा उत्खनन गरिन्छन् भन्ने सुनिश्चित गर्नका लागि अहिले प्रस्ट कानुनी तथा नीतिगत संरचना बनाउने अवसर छ। यस्तो संरचना अन्तर्राष्ट्रिय कानुन तथा राम्रा अभ्यासमा आधारित हुनुपर्दछ र तिनले देहाय बमोजिमका कुराहरू समावेश गर्नुपर्दछ :

१. उत्खननमा फरेन्सिक चिकित्सकको अनिवार्य संलग्नता सुनिश्चित गर्दै शवलाई नष्ट गर्नबाट प्रहरीलाई रोक्न सरकारी मुद्दासम्बन्धी ऐनलाई संशोधन गर्ने गरी विद्यमान कानुनी संरचनालाई सुदृढ बनाउने।

२. अपराध र मानवअधिकार उल्लंघनका पीडित अनि मुख्य साक्षीहरूलाई आवश्यक सुरक्षा उपायको सुनिश्चितताका लागि विस्तृत कानुनको निर्माण गर्ने।

३. उत्खननपूर्व, उत्खननका बेला र उत्खननपश्चात्का चरणमा सबै सम्बन्धित निकायलाई स्पष्ट रूपमा जिम्मेवारी बाँडफाँड गर्ने।

४. अनुसन्धानको कुनै पनि चरणमा सरोकारहरू नबाझिऊन् भनी सुनिश्चित गर्नका लागि नेपाल प्रहरी तथा महान्यायाधिवक्ताको कार्यालयमा विशेष अनुसन्धान इकाइ गठन गर्ने अनि महान्यायाधिवक्ताको भूमिकाको समीक्षा गर्ने ।

५. पीडितका आफन्तको सत्य जान्न पाउने अधिकार अनि उत्खनन प्रक्रियामा उनीहरूको सहमतिपूर्वकको सहभागितालाई सुनिश्चित गर्ने तथा उनीहरूलाई पुनराघात नहोस् भन्ने सुनिश्चित गर्नका लागि उपायहरू समावेश गर्ने ।

६. एउटा प्रमुख चासोका रूपमा प्रमाणलाई सुरक्षित बनाउन फौजदारी अनुसन्धान प्रक्रिया तथा अभ्यासलाई सबल बनाउदै पीडितको सत्य, न्याय अनि परिपूरण प्राप्त गर्ने सम्भावनालाई सुधार्ने । पीडितको दृष्टिकोणबाट यी तीनवटा अधिकार अविभाज्य तथा अन्तःसम्बन्धित छन् र यसको विश्लेषण वा सिफारिस एकसाथ गरिनुपर्दछ ।

७. पीडित परिवारलाई मनोवैज्ञानिक सहायताको व्यवस्था गर्ने सुनिश्चित गर्नुपर्दछ र यसमा उनीहरूको कुनै आवश्यकता, अपेक्षा तथा प्रश्न भए पहिल्यै परामर्श दिने अनि यस्ता घटनाको पुनारावृत्ति नहुने सुनिश्चित गर्दै उनीहरूलाई वैज्ञानिक तथा प्राविधिक सूचनामा पहुँच दिने तथा सत्य, न्याय अनि परिपूरणको खोजमा अविभाज्य प्रक्रियालाई महत्व दिने ।

८. नीतिगत संरचनामा मृत्युपूर्वको तथ्यांकको मापदण्डअनुसारको संकलनलाई समावेश गर्नुपर्दछ र यसमा प्रस्ट सार्वजनिक सचेतता तथा सञ्चार रणनीति अनि मापदण्डअनुसारको संकलन फारम समावेश गरिनुपर्दछ । यस्ताखाले सूचना संकलन गर्ने व्यक्तिलाई पीडित परिवारको मनोसामाजिक आवश्यकता बुझ्ने गरी उचित प्रशिक्षण दिइनुपर्दछ । यो प्रयोजनका लागि पर्याप्त आर्थिक स्रोत छुट्ट्याउनु पर्दछ ।

९. पीडित तथा साक्षी संरक्षणको उपयुक्त योजना तर्जुमा गरी लागू गर्नुपर्दछ तथा अनुसन्धानको निष्कर्ष नआउञ्जेलसम्म अनुसन्धानलाई प्रभावित पार्नसक्ने ओहदामा कुनै आरोपित पीडक बसेका छन् भने तिनलाई निलम्बन गर्नुपर्दछ ।

यो प्रतिवेदनको अन्त्यमा सिफारिसको विस्तृत तालिका दिइएको छ ।

# धनुषाका पाँच विद्यार्थीको उदाहरण

## परिचय

२०६७ फागुन ३ गते राष्ट्रिय तथा अन्तर्राष्ट्रिय फरेन्सिक विशेषज्ञले पाँचजना विद्यार्थीको शवको अन्तिम अवशेष रहेको भनिएको ठाउँबाट उत्खनन गऱ्यो । त्यो ठाउँ धनुषा जिल्लाको गोदरमा कमला नदीछेउ पर्दछ । २०६० असोज २१ गते सुरक्षाफौजले पक्रेर बेपत्ता पारेका विद्यार्थीको शवोत्खननका लागि भदौ २०६७ मा राष्ट्रिय मानवअधिकार आयोगको पहलमा सुरु गरिएको प्रक्रियाको यो अन्तिम चरण थियो ।

यो प्रतिवेदनले नेपालमा हालका मितिसम्म तदर्थ रूपमा आधारित रहेर गरिएका उत्खननलाई अभिलेखीकरण गर्दछ र यसलाई लगेर बेपत्ताका लागि जिम्मेवार व्यक्तिलाई जवाफदेही बनाउन हालसम्म चुकेको फौजदारी न्याय प्रणालीका विस्तृत प्रणालीगत त्रुटिसँग जोड्दछ । धनुषामा भएका उत्खनन तथा योभन्दा पहिले गरिएका उत्खननमा देखिएका समस्याका सवाललाई प्रस्तुत प्रतिवेदनले चित्रण गर्नेछ । त्यसपछि यसले अन्तर्राष्ट्रिय मापदण्ड र राम्रा अभ्यासको विश्लेषण गरी अन्त्यमा नेपाली सन्दर्भलाई विचार गर्दै सिफारिसहरू दिनेछ ।

सुरक्षाफौज तथा माओवादीबीच भएको दस वर्षे सशस्त्र द्वन्द्वको मुख्य विशेषतामा व्यक्ति बेपत्ता पार्ने काम पर्दथ्यो । राष्ट्रिय मानवअधिकार आयोगले जबर्जस्ती बेपत्ताका १,६१९ वटा उजुरी प्राप्त गरेको थियो जसमध्ये १,२३४ वटा सुरक्षाफौजले गरेको, ३३१ वटा माओवादीले गरेको तथा ५४ वटा द्वन्द्वरत पक्षमध्ये कसैले पनि नगरेको पाइयो । भदौ २०६७ मा अन्तर्राष्ट्रिय रेडक्रस समिति (आइसिआरसि) ले द्वन्द्वका बेला हराएका भनिएका १,३७८ व्यक्तिको हालसम्म अत्तोपत्तो नभएको भनी प्रतिवेदन सार्वजनिक गऱ्यो ।[1] सरकारी तथ्यांकअनुसार १,३०२ जना व्यक्ति बेपत्ता भएका भनी उजुरी परेका छन् ।[2]

हालसम्म द्वन्द्वका दौरान सुरक्षाकर्मी वा माओवादीले बेपत्ता पारेका एकदमै थोरै व्यक्तिका शव मात्र उत्खनन गरिएका छन् । उच्चस्तरको बेपत्ता आयोग र सत्यनिरूपण तथा मेलमिलाप आयोग गठन भएपछि अझ धेरै परिवारजन तथा साक्षीहरू अगाडि आएर जबर्जस्ती बेपत्ताका पीडितका शवलाई गैरकानुनी तवरले गाडिएका स्थान पहिचान गराउने सम्भावना छ ।[3] तर अहिले चाहिँ अनधिकृत व्यक्तिले शवहरूको गैरकानुनी उत्खनन गरेका समाचार आइरहेका छन् । उदाहरणका लागि, २०६७ चैत १० गते रोल्पामा माओवादीसँग सम्बन्धित अखिल नेपाल जनकलाकार महासंघका सदस्यले महासंघका ११ सदस्यका शव उत्खनन गरे । ती कलाकारलाई जेठ २०५६ मा तत्कालीन शाही नेपाली सेनाले हत्या

[1] International Committee of the Red Cross, ‘List of Names of People Being Sought by Their Relatives: Update 30.08.10’, available at http://www.familylinks.icrc.org/wfl/mis_npl.nsf/Bottin!OpenView&lang=eng. This figure includes people who went missing at the hands of both the security forces and the CPN-M.

[2] This figure dates from December 2010 and is the official number of relatives of the disappeared who have received "interim relief" provided by the Ministry of Peace and Reconstruction.

[3] Bills for the establishment of both commissions have been before the Legislative Committee of the Parliament since April 2010. For more details, see Advocacy Forum and Human Rights Watch, "Indifference to Duty", December 2010, page 10-11, available at http://www.advocacyforum.org/publications/impunity-reports.php.

गरेको भनिएको थियो । यी शव अहिले नै आएर किन उत्खनन गरिएका हुन् (जबकि २०५६ सालदेखि नै वार्षिक रूपमा सहिद स्मृति दिवस आयोजना गरिन्थ्यो) र उत्खनन गरिएपछि ती शवलाई के गरियो भन्ने प्रस्ट छैन ।[4]

एड्भोकेसी फोरम–नेपाल (एएफ) के विश्वास गर्दछ भने हालका मितिसम्म गरिएका उत्खननको तदर्थवादी प्रकृति, प्रत्येक अधिकारीको जिम्मेवारीका सम्बन्धमा स्पष्टताको अभाव, प्रक्रियामा भएका ढिलासुस्ती, प्रमाणको जगेर्ना तथा कानुनी प्रक्रियामा प्रमाणको सुनिश्चिततामा ध्यानको अभाव, धनुषा तथा अन्यत्र गरिएका उत्खनन प्रक्रियामा पीडितका नातेदारको आवश्यकतालाई दिइने ध्यानको अभाव – यी सबैले उत्खननलाई नियमन गर्नका लागि आवश्यक सबैले बुझ्ने नीतिगत संरचनाको तत्काल आवश्यकता रहेको भन्नेतर्फ ध्यानाकर्षण गर्दछन् र यस्ता उत्खनन फौजदारी अनुसन्धान प्रक्रियमा प्रमाण संकलनको अंगका रूपमा र/वा भविष्यका कुनै संक्रमणकालीन न्यायका संयन्त्रको अंगका रूपमा गरिएका हुन् । उत्खननपूर्व, उत्खननका बेला र उत्खननपश्चात्का चरणमा सबै सम्बन्धित निकायलाई स्पष्ट रूपमा जिम्मेवारी बाँडफाँड गर्ने, केन्द्रीय चासोका रूपमा प्रमाणलाई सुरक्षित बनाउने, पीडितका आफन्तको सत्य जान्न पाउने अधिकार अनि उत्खनन प्रक्रियामा उनीहरूको सहमतिपूर्वकको सहभागितालाई सुनिश्चित गर्ने तथा उनीहरूलाई पुनराघात नहोस् भन्ने सुनिश्चित गर्नका लागि उपायहरू समावेश गर्ने काम यो नीतिगत संरचनाले गर्नुपर्दछ । यस्तो संरचना अन्तर्राष्ट्रिय कानुन तथा राम्रो अभ्यासमा आधारित हुनुपर्दछ ।

[4] INSEC, 'Bodies of 11 Maoist Cadres Exhumed', 24 March 2011, http://www.insec online.org/index.php?type =news&id=7866&lang=en. There have been other reports of illegal exhumations at Lamjung and Palpa.

## *धनुषाका विद्यार्थीको मुद्दा*

जनकपुर नगरपालिका–१० का सञ्जीव कुमार कर्ण तथा दुर्गेश लाभ, जनकपुर नगरपालिका–४ का जितेन्द्र झा, कुर्था गाविस–१ का प्रमोद नारायण मण्डल र दुहबी गाविस–७ का शैलेन्द्र यादवलाई २०६० असोज २१ गते तत्कालीन शाही नेपाली सेनाको नेतृत्वमा रहेको संयुक्त सुरक्षाफौजले (पहिचान खुल्न नसकेका) अन्य ६ जना व्यक्तिसँगै पक्रेको थियो । यी सबै पक्रिइएका व्यक्तिहरू २०–२५ वर्षका केटा थिए ।

आफ्नो पहिचान खुलाउन नचाहने साक्षीका अनुसार शाही नेपाली सेना, सशस्त्र प्रहरी बल तथा नेपाल प्रहरी सम्मिलित संयुक्त सुरक्षाफौजका २०–२५ जनाको समूह खटियाचौरी गाविसको वडा नं ४ मा चारवटा भ्यानमा आइपुग्यो । तीमध्ये केही बर्दीमा थिए भने अधिकांश चाहिँ सादा पोसाकमै आएका थिए । घटनामा दिइएको जानकारीअनुसार तिनीहरूले त्यो ठाउँको एउटा घरबाट ११ जनालाई पक्राउ गरेका थिए । ती सबै पक्राउ परेकालाई आँखामा कालोपट्टी बाँधियो, लट्ठी तथा बन्दुकको कुन्दाले हिर्काइयो र त्यहाँबाट जनकपुरस्थित तत्कालीन क्षेत्रीय प्रहरी कार्यालय (हाल अञ्चल प्रहरी कार्यालय) पुर्‍याइयो । ११ जना पक्राउ परेका विद्यार्थीमध्ये ६ जनालाई भोलिपल्ट रिहा गरियो भने अन्य पाँचजना हालसम्म बेपत्ता छन् ।

पक्राउ परेकामध्ये एक सञ्जीव कुमार कर्णका पिता जय किशोर लाभले बताएअनुसार उनले २०६० असोज २१ गते जनकपुरस्थित क्षेत्रीय प्रहरी कार्यालयको परिसरमा उनको छोरालगायतका युवाको एक समूहलाई लाइनमा उभ्याएर राखिएको देखेका थिए । तर प्रहरीले यो कुरालाई अस्वीकार गर्‍यो र जय किशोरको छोरालगायतका व्यक्तिहरूको पक्राउमा आफ्नो संलग्नतालाई पनि इन्कार गरिरह्यो । असोज २२ गते पीडित परिवारले राष्ट्रिय मानवअधिकार आयोगमा उजुरी गरेर अनुसन्धानका लागि अनुरोध गर्‍यो ।

राष्ट्रिय मानवअधिकार आयोगको सुरुआती अनुसन्धान बेपत्ता विद्यार्थीको स्थितिका बारेमा सुनिश्चित गर्नका लागि सुरक्षाफौजलाई अनुरोध गरिएका पत्र लेखनमै सीमित रह्यो । सरकार र माओवादीबीचको द्वन्द्व चर्किएपछि बेपत्ताका उजुरीको संख्यामा वृद्धि भयो जसको फलस्वरूप राष्ट्रिय मानवअधिकार आयोगसँग प्रत्येक मुद्दामा साङ्गोपाङ्ग अनुसन्धान गर्ने क्षमता भएन । माघ १९, २०६१ मा राजाले शक्ति हत्याएपछि आयोगमा नयाँ सदस्यको नियुक्ति गरिएपश्चात त झनै आयोगको प्रभावकारिता खस्किँदै गयो ।

जय किशोर लाभ धनुषा जिल्ला तथा आसपासका अन्य जिल्लामा रहेका सबै सैनिक ब्यारेक तथा प्रहरी चौकीमा दर्जनौंपटक गए । प्रत्येकपटक उनलाई सुरक्षाकर्मीले ती विद्यार्थीहरू सेना तथा प्रहरीको नियन्त्रणमा छैनन् भनिरहे । उनले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानवअधिकार संगठनहरूलाई हजारौं पत्र लेखे, राष्ट्रिय मानवअधिकार आयोगलाई सयौंपटक फोन गरे तथा राजनीतिक दल अनि नेपाल बार एसोसिएसन लगायतका राष्ट्रिय निकायलाई असंख्य चिठी पठाए । यसको प्रतिक्रियामा उनले विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संगठनहरूबाट हजारौं पत्र प्राप्त गरे । उनले तत्कालीन राजा, प्रधानमन्त्री तथा गृहमन्त्रीलाई व्यक्तिगत पत्रसमेत लेखे । सात वर्षको अवधिमा उनले आफ्नो छोराको खोजीमा जीवन नै समर्पित गरे । (उत्खनन सुरु हुनुभन्दा पाँच महिनाअघि चैत २०६६ मा जयकिशोर लाभको हृदयाघातबाट मृत्यु भयो) ।

आफूले गरेका प्राथमिक सोधपूछको तीन वर्षभन्दा बढी समय बितेपछि २०६२ माघ १० गते राष्ट्रिय मानवअधिकार आयोगले शाही नेपाली सेनाको मानवअधिकार इकाइबाट एउटा पत्र प्राप्त गऱ्यो । २०६१ असोज २१ गते पाँच जना विद्यार्थीको प्रहरी कारबाहीमा मृत्यु भएको जानकारी उक्त पत्रमा थियो । पत्रमा उनीहरूलाई कसरी मारियो, उनीहरूको शव कहाँ छ अनि उनीहरूको शवलाई नष्ट गरिएको वा नगरिएको भन्ने बारेमा केही उल्लेख गरिएको थिएन । शाही नेपाली सेनाबाट पत्र प्राप्त भएपछि राष्ट्रिय मानवअधिकार आयोगले प्रहरी महानिरीक्षकलाई पत्र

पठायो । २०६२ फागुन १२ गतेको मितिमा प्राप्त प्रतिक्रियामा नेपाल प्रहरी प्रधान कार्यालयले प्रहरी उपरीक्षकको संयोजकत्वमा गठित एक प्रहरी कार्यदलले मुद्दाको अनुसन्धान गरिरहेको कुरा व्यक्त गऱ्यो ।

वैशाख २०६३ मा सशस्त्र द्वन्द्वको अन्त्य भएपछि पीडितका आफन्तले केही सुरक्षित भएको र न्यायको आशा पलाएको महसुस गरे अनि जिल्ला प्रहरी कार्यालयमा जाहेरी दर्खास्त दिए । सरकारी मुद्दासम्बन्धी ऐनका अनुसार यस्ता उजुरीलाई ूनजिकैको प्रहरी कार्यालयू मा ूयथाशक्य चाँडोू दाखिला गर्नुपर्दछ ।[5] यसको मतलब यो मुद्दामा पीडित परिवारले धनुषा जिल्ला प्रहरी कार्यालयमा उजुरी गर्नुपर्ने हुन्थ्यो । जयकिशोर लाभले आफ्नो छोरा तथा अन्य विद्यार्थीलाई लाइनमा उभ्याएर राखेको देखेको स्थान क्षेत्रीय प्रहरी कार्यालयभन्दा मुनिको स्तरको प्रहरी कार्यालयमा उजुरी गर्नुपर्ने थियो । यसले गर्दा पीडित परिवारलाई के डर भयो भने प्रहरी प्रशासनले पक्राउ तथा बेपत्तामा संलग्न रहेका व्यक्तिप्रति सहानुभूति देखाउने सम्भावना रहन्छ । यसका बाबजुद उनीहरू २०६३ जेठ २६ गते एड्भोकेसी फोरम (एएफ) का कानुन व्यवसायी तथा नेपालस्थित ओएचसिएचआरका प्रतिनिधिका साथ प्रहरी चौकीमा पुगे । प्रहरीले जाहेरी लिनै अस्वीकार गऱ्यो । घन्टौंको वादविवादपछि प्रहरीले अन्ततोगत्वा जाहेरी दर्ता गऱ्यो । सञ्जीव, जितेन्द्र, दुर्गेश तथा शैलेन्द्रका परिवारले संयुक्त रूपमा पीडितको पक्राउ तथा बेपत्ताका बारेमा उल्लेख गरी जाहेरी दर्ता गरे अनि प्रमोद नारायणको परिवारले छुट्टै जाहेरी दर्ता गऱ्यो । त्यही दिन पीडित परिवारले (एएफका कानुन व्यवसायी तथा ओएचसिएचआरका अधिकृतका साथ) प्रहरीलाई शव गाडिएको भनिएको स्थान देखाए । त्यो स्थानमा गाउँलेहरूका अनुसार पाँचजना विद्यार्थीको लास गाडिएको थियो र गाउँलेहरूले त्यहाँ केही दिनसम्म कपडा तथा चप्पल देखेको भनी बताएका थिए । प्रहरीले त्यो स्थानलाई काँडेतार लगाएर घेऱ्यो तर शव उत्खनन प्रक्रियालाई सुरुआत गर्नका लागि केही पनि कारबाही बढाएन । जय किशोर, एएफ तथा अन्यले मुद्दामा भएका प्रगतिका

[5] State Cases Act, 1955, Section 3(1).

बारेमा बारम्बार औपचारिक तथा अनौपचारिक सोधपूछ गरिरहे तापनि प्रहरीले केही अनुसन्धान गरेन ।

२०६३ माघ १४ गते जय किशोरले एएफको सहयोगमा सर्वोच्च अदालतमा एउटा रिट दायर गरी अनुसन्धानमा भएका प्रगतिका बारेमा अदालतलाई जानकारी गराउने आदेश दिनका लागि अनुरोध गरे । २०६३ माघ २१ गते भएको प्रारम्भिक सुनुवाइमा न्यायाधीश सारदा प्रसाद पण्डितले धनुषा प्रहरी कार्यालय तथा क्षेत्रीय प्रहरी कार्यालयका विरुद्ध १५ दिने कारण देखाउ आदेश जारी गरे । २०६४ भदौ ४ गते अदालतले प्रहरी प्रधान कार्यालयलाई मुद्दाको अनुसन्धानका लागि गठित प्रहरी कार्यदलले तयार पारेको प्रतिवेदनको एक प्रति अदालतलाई बुझाउने आदेश दियो । २०६४ असोज १९ गते प्रहरीले अदालतलाई कार्यदल निष्क्रिय भइसकेको तथा आफूहरूले एउटा नयाँ समिति गठन गरेको भनी जानकारी दियो । अर्को सुनुवाइमा २०६४ फागुन २० गते सर्वोच्च अदालतले राष्ट्रिय मानवअधिकार आयोगलाई मुद्दासँग सम्बन्धित सबै मिसिल अदालतमा बुझाउने आदेश दियो ।

२०६५ माघ २१ गते सर्वोच्च अदालतले मुद्दामा अन्तिम सुनुवाइ गर्दै धनुषा जिल्ला प्रहरी कार्यालयले कानुनबमोजिम जाहेरी दर्खास्तलाई डायरी नं १०[6] मा दर्ता नगरेको अनि त्यसैले जाहेरीका सम्बन्धमा कुनै कारबाही अघि नबढाएको भन्ने जवाफ प्राप्त गरेपछि प्रहरी कार्यालयलाई तत्काल जाहेरी दर्ता गरी शीघ्र अनुसन्धान गर्ने आदेश दियो । अन्ततोगत्वा माघ २०६५ मा जाहेरी दर्ता गरियो । आफ्नो फैसलामा अदालतले घटनाका सम्बन्धमा सेना तथा प्रहरीले दिएका विरोधाभासी तथ्यउपर समेत विचार गऱ्यो । एकातिर आन्तरिक प्रहरी अनुसन्धान प्रतिवेदनले ती विद्यार्थीलाई भिमान ब्यारेकमा बुझाइएको भनी उल्लेख गरेको

[6] Several police forces in the country have used this argument to suggest that somehow this would absolve the police of its responsibilities to conduct criminal investigations under the State Cases Act. AF maintains that the use of specific registers is an administrative police matter, and does not in any way negate obligations set out in law.

थियो भने अर्कातर्फ सेनाले ती विद्यार्थीको बेपत्ता तथा ज्यान मार्नेका लागि प्रहरीहरू जिम्मेवार भएको कुरा अदालतलाई जानकारी गरायो। नेपाल प्रहरी तथा नेपाली सेनाले यस्ता निष्कर्ष निकालेका आफ्ना आन्तरिक अनुसन्धानका प्रतिवेदन अदालतसमक्ष पेश नगरेको तथ्य यहाँ उल्लेख्य छ।

फौजदारी अनुसन्धानमा नभएको प्रगति तथा नेपाल प्रहरी अनि नेपाली सेनाका आन्तरिक अनुशासनात्मक अनुसन्धानको पारदर्शिताको अभावका कारण मानवअधिकार रक्षकहरूले असार २०६८ मा अदालतको ढोका घच्घच्याउनुपऱ्यो जब सरकारले पीडित परिवारले दिएको जाहेरीका अनुसार एक आरोपित भनी किटिएका कुबेर सिंह रानालाई प्रहरी नायब महानिरीक्षकमा बढुवा गऱ्यो। उनीहरूले रानाको बढुवालाई रोक्का गर्नका लागि अदालतको आदेश आओस् भन्ने अनुरोध गरेका थिए किनकि उनले पदको दुरुपयोग गरी अनुसन्धानमा हस्तक्षेप गर्ने सम्भावना थियो। अदालतले यस्तो आदेश दिन इन्कार गऱ्यो तर प्रहरी तथा महान्यायाधिवक्ताको कार्यालयलाई मुद्दामा भएका प्रगतिका बारेमा अदालत तथा राष्ट्रिय मानवअधिकार आयोगलाई महिनैपिच्छे जानकारी गराउने आदेश दियो।

(जबर्जस्ती बेपत्ता, ज्यान मार्ने तथा यातना लगायतका) मानवअधिकारको गम्भीर उल्लंघनका आरोपितहरू राज्यको उच्च तहमा रहेको अवस्थामा अन्तर्राष्ट्रिय मानवअधिकार कानुनले के निर्धारण गरेको छ भने यस्ता आरोपितलाई आरोपमाथि अनुसन्धान पूरा नहुञ्जेलसम्म पदबाट निलम्बन गर्नुपर्दछ। आरोपित पीडकले[7]

[7] See, e.g. Principles on the Effective Prevention and Investigation of Extra-legal, Arbitrary and Summary Executions, Recommended by Economic and Social Council resolution 1989/65 of 24 May 1989, Principle 15; Principles on the Effective Investigation and Documentation of Torture and Other Cruel, Inhuman or Degrading Treatment or Punishment, Recommended by General Assembly resolution 55/89 of 4 December 2000, Principle 3(b).

अनुसन्धानमा हस्तक्षेप गरी प्रभाव नपारोस् तथा राज्यका निकायप्रति[8] जनताको विश्वास कायम होस् भन्नका लागि यस्तो निलम्बन आवश्यक हुन्छ भनी पहिचान गरिएको छ ।

## उत्खनन स्थलको संरक्षण

माथि उल्लेख गरिएबमोजिम जेठ २०६३ मा प्रहरीले जाहेरी दर्ता गरेको भनेको (तर पछि इन्कार गरेको) समयमै पीडितका आफन्तले भरपर्दा साक्षीको बयानमा आधारित रहेर धनुषा प्रहरीलाई पीडितको लासलाई लुकीछिपी गाडेको हुनसक्ने स्थान देखाए । प्रहरीले सुरुमा यो स्थानलाई काँडेतार लगाएर छेकेको भए पनि यसलाई पछि हटाइएको पाइयो तर कसले कहिले हटायो भन्ने चाहिँ प्रस्ट छैन । प्रहरीले यो स्थानको पर्याप्त सुरक्षा नदिएको भन्ने आशंकाका बीच एएफ एकजना गाउँलेलाई यो स्थानको चौकीदारी गर्नका लागि नियुक्त गर्न बाध्य भयो । जेठ २०६३ देखि भदौ २०६७ को अवधिमा प्रहरीले उत्खननको काम अघि बढाएन । सर्वोच्च अदालतले फागुन २०६५ मा दिएको आदेश तथा सरकारी वकिलले मंसिर २०६६ मा दिएको निर्देशनका बाबजुद प्रहरी निष्क्रिय रह्यो (तल हेर्नुहोस्) ।

## पीडितको शवोत्खनन : राष्ट्रिय मानवअधिकार आयोगको पहल

राष्ट्रिय मानवअधिकार आयोगले आफ्नो अनुसन्धान २०६४ माघ १५ मा पूरा गर्‍यो । उसले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्लाई पत्र पठाएर पीडित परिवारलाई रु. तीन लाख क्षतिपूर्ति दिन तथा दोषीलाई कारबाही गर्ने हिसाबले थप अनुसन्धान सुरु गर्न सरकारलाई सिफारिस गर्‍यो । तर सन् २०११ को सुरुआतसम्म पनि राष्ट्रिय

[8] UN Human Rights Council, Report of the independent expert on the situation of human rights in the Democratic Republic of the Congo, Mr. Titinga Frédéric Pacéré, A/HRC/4/7, 21 February 2007, para. 67.

मानवअधिकार आयोगले सिफारिस गरेको क्षतिपूर्ति रकम पीडित परिवारले प्राप्त गरेको छैन यद्यपि उनीहरूले रु. एक लाख अन्तरिम राहत का रूपमा पाएका छन् ।[9]

सर्वोच्च अदालतको माघ २०६६ को आदेश तथा जय किशोर लाभ, एएफ तथा अन्य मानवअधिकार संगठनको निरन्तर दबाबका बाबजुद धनुषा प्रहरीले निष्क्रियता देखाइनैरहेकाले राष्ट्रिय मानवअधिकार आयोगले शव उत्खननको पहल गर्ने निर्णय लियो । प्रहरीले यसरी सर्वोच्च अदालतको अवज्ञा गर्नु भनेको दण्डहीनताको सवाल मात्र नभएर विधिको शासन पालना गर्ने प्रतिबद्धता लिएका संस्थाले सोको पालना गर्न इन्कार गरेको अवस्था हो । यो उत्खननको सन्दर्भमा राष्ट्रिय मानवअधिकार आयोगले फिनल्यान्डका फरेन्सिक विशेषज्ञको सहयोग मागेको थियो । यी विशेषज्ञसँग शिवपुरी राष्ट्रिय निकुञ्जमा रहेको सम्भाव्य उत्खनन स्थलको पर्यवेक्षणका दौरान राष्ट्रिय मानवअधिकार आयोगले सहकार्य गरेको थियो । राष्ट्रिय फरेन्सिक प्रयोगशाला (नाफोल), औषधिविज्ञान संस्थानको फरेन्सिक औषधिविज्ञान विभाग (एफएमडि, आइओएम्), पुरातत्व विभाग (डिओए) तथा नेपाल प्रहरीको फरेन्सिक प्रयोगशालाका कर्मचारी समेतले यसमा सहभागिता जनाएका थिए ।[10] पछि नेपाल प्रहरीसमेत उत्खनन प्रक्रियामा सहभागी हुन सहमत भएको थियो ।[11]

२०६७ भदौ २१ गते उत्खनन प्रक्रिया प्रहरीको औपचारिक आधिकारिकता तथा राष्ट्रिय मानवअधिकार आयोगको प्राविधिक सहयोगमा सुरु भयो । २०६७ भदौ २९ को साँझसम्म उत्खनन स्थलबाट चारवटा कंकाल सहित गोलीगट्ठा, लगाएका कपडा, जुत्ता, घाँटीको सिक्री तथा अन्य २१ प्रमाणहरू समेत निकालिएका थिए । धनुषा प्रहरीले सबै प्रमाणलाई सुरक्षित गऱ्यो र घटनास्थल मुचुल्का समेत

[9] For more information on the "interim relief" scheme, see Advocacy Forum, 'Discrimination and Irregularities. A Painful Tale of Interim Relief in Nepal', 2010, http://www.advocacyforum.org/publications/transitional-justice.php

[10] Sumina Karki, 'Of disappearances, and forensic science', MyRepublica, 24 December 2010, http://theweek.myrepublica.com/details.php?news_id=26449.

[11] Ibidem.

तयार पाऱ्यो । बरामद कंकालहरू हेर्दा पीडितहरूको ज्यान मार्ने गरिएको पाइयो – एउटा शरीरबाट टाउको छुट्ट्याइएको जस्तो देखियो अनि अर्को शरीरमा गोलीले बनाएका प्वालजस्तो देखिएको थियो । सबै शरीर घोप्टो पारेर सुताइएका थिए भने दुईजनाको आँखामा कालोपट्टी बाँधिएको पाइयो । २०६७ असोज ३ गते राष्ट्रिय मानवअधिकार आयोगले उत्खनन कार्य बन्द गऱ्यो । केही समाचारका अनुसार उत्खनन प्रक्रिया संलग्न विशेषज्ञहरू बिरामी भएकाले काम बन्द गर्नुपरेको हो । अन्य समाचारका अनुसार उत्खननकर्ताले खोजिरहेको पाँचौं शव नपाइएकाले उत्खनन कार्य बन्द गर्नुपरेको हो । अन्ततोगत्वा २०६७ फागुन २ गते राष्ट्रिय मानवअधिकार आयोगको नेतृत्वमा रहेको टोलीले उत्खनन कार्य पुनः सुरु गऱ्यो र बाँकी रहेको पाँचौं शरीर भेट्टायो ।[12]

## *पीडितका परिवारलाई अज्ञानतामा राखिएको*

उत्खनन प्रक्रियाको सुरुमै उत्खनन गरिएका पीडितका परिवार भनिएका व्यक्ति, तिनका कानुनी प्रतिनिधि तथा सम्बन्धित मानवअधिकार संगठनलाई उत्खनन प्रक्रियाबारे पर्याप्त सूचना नदिइएको कुरा गहिरो चासाको विषय बन्यो । राष्ट्रिय मानवअधिकार आयोगले यसलाई इन्कार गरेको छ। तर एएफ तथा अन्य मानवअधिकार संगठनले पीडितका आफन्तसँग लिएको अन्तर्वार्ताअनुसार केही पीडितका परिवारलाई उत्खनन प्रक्रिया सुरु हुनुभन्दा पहिले जानकारी दिएको संकेत गर्दछ भने अधिकांशलाई नदिएको ।

उत्खनन सुरु भएको लगभग एक हप्ताअगाडि राष्ट्रिय मानवअधिकार आयोगको स्थानीय कार्यालयले त्यहाँको स्थानीय गैरसरकारी संस्था (गैसस) सँग बैठकका

[12] Kathmandu Post, ‘Dhanusha burial site: NHRC starts over Godar exhumation’, 14 February 2011, http://202.166.193.40/2011/02/14/headlines/Dhanusha-burial-site-NHRC-starts-over-Godar-exhumation/329573/

लागि आह्वान गऱ्यो तर त्यसमा पीडितका आफन्तलाई निमन्त्रणा गरेन । बैठकमा छलफल भने चिहान भएको सम्भावित ठाउँमा केन्द्रित थियो । त्यसमा पीडितका आफन्तको कुनै उल्लेख गरिएन । २०६७ भदौ १७ गते पीडितका आफन्तलाई धनुषाको जनकपुरस्थित राष्ट्रिय मानवअधिकार आयोगको स्थानीय कार्यालयमा डाकियो र एउटा एन्टी मोर्टम डाटा (ante-mortem data) को फारम भर्न अनुरोध गरियो । अगाडिको विशिष्ट योजनाका बारेमा उनीहरूलाई प्रस्ट जानकारी गराइएन । त्यसपछि भदौ १९ मा उत्खनन टोली धनुषा जानुभन्दा ठीकअगाडि राष्ट्रिय मानवअधिकार आयोगले काठमाडौँमा अपर्झट एउटा बैठक डाक्यो र राष्ट्रिय गैरसरकारी संस्थाहरूलाई ब्रिफिङ गरी उत्खनन प्रक्रिया कसरी सुरु हुँदैछ भन्ने जानकारी गरायो । त्यो समयसम्म राष्ट्रिय मानवअधिकार आयोगको योजना अन्तिम भएको भन्ने निश्चित भएको थियो र पीडितका आफन्त उत्खनन प्रक्रियामा संलग्न हुने तथा यसको जानकारी पाउने तरिकामा प्रभाव पार्नका लागि अत्यन्त कम गुन्जाइस थियो । यो बैठकमा गैससका प्रतिनिधिले उत्खननको वैधानिकतामाथि चिन्ता व्यक्त गरे र प्रक्रियामा आधिकारिक व्यक्तिका सम्बन्धमा स्पष्टीकरण मागे । भन्नाले, धनुषा प्रहरी र राष्ट्रिय मानवअधिकार आयोग मध्ये कसले अनुसन्धानको नेतृत्व गर्ने हो ? प्रहरीको औपचारिक आधिकारिकतामा उत्खनन गर्ने निर्णय प्रक्रियाको अन्तिम समयमा मात्र आएर लिइएको जस्तो देखिन्छ र यसका बारेमा पीडितका आफन्तलाई केही खबर गरिएको थिएन । आफ्ना प्रियजनको पक्राउ तथा बेपत्तामा वरिष्ठ प्रहरी अधिकृतहरू संलग्न रहेका भन्ने चिन्ताहरू उठ्दा तिनीहरूलाई यो कुराको व्याख्या गर्नु विशेषरूपमा महत्वपूर्ण हुन्थ्यो अनि उत्खनन प्रक्रियामा हस्तक्षेप नहुनका लागि तथा जुटाइएका प्रमाण सुरक्षित गर्ने सुनिश्चितताका लागि उपाय तर्जुमा गर्नसमेत यसको महत्व रहन्थ्यो । राष्ट्रिय मानवअधिकार आयोगले आफ्नो एक पूर्व सदस्य सुशील प्याकुरेललाई नागरिक समाजका तर्फबाट निरीक्षण गर्नका लागि नियुक्त गऱ्यो । तर भदौ १९ को गैसस ब्रिफिङका बेला यसको बारेमा केही पनि चर्चा गरिएको थिएन ।

उत्खनन प्रक्रिया सुरु भएकै दिन उत्खननका बारेमा रेडियो घोषणाबाट मात्र थाहा पाइएको भनी अधिकांश नातेदारले बताए। उनीहरूलाई औपचारिक जानकारीसम्म पनि गराइएको थिएन। उनीहरूसँग सल्लाह लिने कुरो त परै जाओस्, उत्खनन सुरु हुने अवधिसम्म पनि उनीहरूलाई कुनै प्रकारको जानकारी दिइएन। गैससहरूले परामर्शको अभाव भएको भनी चिन्ता व्यक्त गर्दा आइसिआरसिले पीडित परिवारको मनोसामाजिक आवश्यकतालाई उचित ध्यान दिनुपर्नेमा जोड दियो। आइसिआरसिले बेपत्ताको परिवारका मनोसामाजिक आवश्यकतामाथि एउटा ब्रिफिङ सत्र आयोजना गऱ्यो र उत्खननमा भाग लिने आयोजक तथा सहयोगीहरूलाई संवेदनशीलताको तालिमसमेत त्यसमा समावेश गरिएको थियो।

उत्खननका दौरान राष्ट्रिय मानवअधिकार आयोगका सदस्य तथा कर्मचारी, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय फरेन्सिक विशेषज्ञ, धनुषा प्रहरी तथा ओएचसिएचआरको एकजना व्यक्तिले प्राविधिक सहयोग दिएर उपस्थिति जनाएका थिए। पहिलो दिन एएफका दुईजना मानवअधिकार रक्षकले उत्खननको वास्तविक स्थान नजिकै पुग्ने मौका पाए। तर त्यसपछिका दिनहरूमा उनीहरूलगायतका अन्य मानवअधिकार रक्षकलाई प्रहरीले लगभग ५० मिटरको दूरीमा बस्न लगायो। काममा विश्राम लिनेबेलामा वा तीव्र गतिले काम भइरहेका बेलामा केही मानवअधिकार रक्षकले उत्खननस्थलको अझ नजिक जाने तथा राष्ट्रिय मानवअधिकार आयोगका कर्मचारी वा प्रहरी अधिकृतसँग अनौपचारिक रूपमा भेट्ने मौका पाए। तर यो प्रक्रियालाई मिचेर गरिएको पहुँच थियो र यसले औपचारिक रूपमै राष्ट्रिय मानवअधिकार आयोगले निर्धारण गरेको सीमानालाई उल्लंघन गरेको थियो।

ओएचसिएचआरको औपचारिक भूमिका भनेको प्रक्रियामा निरीक्षण गर्ने थियो। उसले राष्ट्रिय मानवअधिकार आयोगलाई भविष्यमा हुने उत्खननलाई सुधार

गर्नका लागि केही सुझावहरू दिएको थियो । वैशाख २०६८ मा ओएचसिएचआरले एएफलाई देहायका सुझावको तालिका दिएको थियो :

- सबै खाले मौसमको अवस्थाका लागि एउटा योजना बनाउने, आवश्यक सबै सामान तथा सामग्रीहरू व्यवस्थित तवरले तयार पारी राख्ने, व्यवस्थित जिम्मेवारीहरू प्रस्ट रूपमा सबैलाई बताउने, अझ राम्रा सामग्रीको व्यवस्था गर्ने, सरोकारवालाहरूसँग समन्वय गर्ने, सूचना व्यवस्थापन तथा प्रस्ट सञ्चार गर्ने ।

- उत्खनन प्रक्रियाअगाडि सञ्चारमाध्यम तथा मानवअधिकार रक्षकसँग छुट्टाछुट्टै ब्रिफिङ बैठक गर्ने र त्यसमा प्रक्रिया, तरिका, जिम्मेवारी तथा उद्देश्यहरूलाई प्रस्ट रूपमा व्याख्या गर्ने । पहुँच तथा फोटो खिँच्ने कामलाई जुनसुकै बेलामा पनि किन अनुमति दिन सकिँदैन भन्ने कुरालाई पनि यसले प्रस्ट रूपमा व्याख्या गर्नुपर्दछ ।

- फौजदारी अनुसन्धान चलेको बेलामा उत्खनन कार्य गर्नका लागि राष्ट्रिय मानवअधिकार आयोगको क्षमताका सम्बन्धमा कानुनी संरचनालाई प्रस्ट पार्ने ।[13]

उत्खनन प्रक्रियामा अपनाइएका राम्रा अभ्यासको विपरीत उत्खनन टोलीले पीडितका परिवारजनबाट उपयुक्त तवरले एन्टी मोर्टम डाटा फारम संकलन गरेन र पीडितका परिवारलाई मनोसामाजिक परामर्श प्रदान गर्ने व्यवस्थासमेत गरेन ।[14] पीडित परिवारलाई उत्खननस्थलमा उपस्थितिका सन्दर्भमा के अपेक्षा

[13] Email exchange with staff member of OHCHR, 11 May 2011.

[14] For a summary of best practices involved in the collection of ante-mortem data, see "ICRC: The Missing. Action to resolve the problem of people unaccounted for as a result of armed or internal violence and to assist their families. Final report and outcomes", 2002, http://www.icrc.org/eng/assets/files/other/icrc_themissing_102002_en_3.pdf, page 23-24.

राख्नुहुन्छ भनी टोलीले प्रश्न गरेन अनि अब के कदम चाल्नुपर्दछ भन्ने सम्बन्धमा सूचनासमेत प्रदान गरेन। राष्ट्रिय मानवअधिकार आयोगले एन्टी मोर्टम डाटा एक्लै संकलन गऱ्यो र योभन्दा अगाडिको विस्तृत प्रक्रियाका बारेमा पीडितका आफन्तलाई व्याख्या गरेन। पीडितका परिवारलाई खासै केही नबताइकनै फारम भर्न लगाइयो भन्ने कुराहरू आइरहेका छन्।

२०६७ भदौ २१ देखि असोज ३ गतेसम्म उत्खननको अवधिभर पीडित परिवारलाई उत्खनन प्रक्रियाबारे दैनिक प्रगति विवरण दिइएन। केही नातेदारलाई उत्खननस्थलमा (२३ भदौलगायत) तीनवटा अवसरमा अस्थायी पहुँचको अनुमति दिइयो। प्रत्येक चोटि उनीहरूले प्रस्ट रूपमा राष्ट्रिय मानवअधिकार आयोगलाई यसका लागि अनुरोध गरेपछि मात्र यस्तो अनुमति दिइयो।[15]

त्यसैगरी माथि बताएबमोजिम टोलीले असोज ३ गते उत्खनन कार्य बन्द गरेपछि पीडित परिवारलाई यसका बारेमा सूचित गरेन तथा उत्खनन रोक्नुको कारण पनि प्रस्टचाएन। केही समाचारका अनुसार “५८ वटा खाल्डा, नौवटा फैलाव र दुईवटा खण्ड”[16] लाई खनेपछि पनि पाँचौं शव नभेटेकाले राष्ट्रिय मानवअधिकार आयोगले अनुसन्धान रोकेको हो। अन्य समाचारका अनुसार विशेषज्ञहरू बिरामी भएका हुनाले उत्खनन रोकियो। पाँचौं शवका अवशेष उत्खनन कहिले सुरु गर्ने भनी आफूहरूलाई केही सूचना नदिएको भनी पीडितका परिवार विशेषगरी चिन्तित थिए।

[15] The NHRC maintains that relatives had indicated that they di1d not want to be involved in the whole exhumation process, but only wanted to visit the site if there was "progress". However, others report that at least some of the families had indicated they wanted to be present but had been told that it was not possible as there was no transport available.

[16] Kathmandu Post, ‘Dhanusha burial site: NHRC starts over Godar exhumation’, 14 February 2011, http://202.166.193.40/2011/02/14/headlines/Dhanusha-burial-site-NHRC-starts-over-Godar-exhumation/329573/

राष्ट्रिय मानवअधिकार आयोगले काठमाडौँमा २०६७ असोज १४ गते गरेको दुईमध्ये पहिलो डिब्रिफिङमा सरल अनि प्रभावकारी अनुसन्धान तथा कारबाहीका लागि प्रस्ट कानुनी आधिकारिकता र निर्देशनको अभाव रहेकोमा चिन्ता व्यक्त गरिएका थिए । एकजना मानवअधिकार रक्षकले उत्खनन प्रक्रियामा पीडित परिवारको सहभागिताको अभाव तथा मानवअधिकार रक्षकलाई अधिकांश समय ५० मिटरको दूरीमा राखेर स्वेच्छाचारिता देखाएको बारेमा समेत चिन्ता व्यक्त गरे । राष्ट्रिय मानवअधिकार आयोगले यो आलोचनालाई सकारात्मक रूपमा लिएन । पीडित परिवारलाई टोलीले परामर्श तथा सहयोग नगरेको भनी गुनासा समेत आए । त्यहाँ उपस्थित दातृनिकाय, ओएचसिएचआर वा अन्तर्राष्ट्रिय गैससका निरीक्षकले यो सवाललाई उठाएनन् । यसको प्रतिक्रियामा पीडित परिवारले परामर्शका लागि अनुरोध गरेका भए आफूहरू परामर्श दिनका लागि तयार रहेको राष्ट्रिय मानवअधिकार आयोगले बतायो । यो सबै भएपछि माघ २०६७ मा पाँचौँ शव उत्खननका बेला पीडितका परिवारलाई उपस्थित हुने अनुमति दिइयो ।

हाल जानकारी भएअनुसार उत्खनन गरिएका पाँचवटा शव पहिचान गर्ने काम त्रिवि शिक्षण अस्पतालमा जारी छ भने अझ राम्रो फरेन्सिक परीक्षण हेल्सिन्की विश्वविद्यालयमा भइरहेको छ ।

भदौ–असोज २०६७ मा भएको उत्खनन प्रक्रियाको अन्त्यतिर उत्खननका क्रममा भेटिएका सामानको पहिचानका लागि नातेदारहरूलाई औपचारिक रूपमा भनिएको थिएन । त्यसपछि पनि प्रहरीले पीडितका नातेदारलाई जिल्ला प्रहरी कार्यालयमा आई सामान पहिचान गर्न लगाएको छैन । साउन २०६८ सम्ममा नातेदारलाई मृत्युसंस्कार गर्नका लागि शवहरू दिने कि नदिने वा यसका लागि कुन प्रक्रिया तथा योजना रहेका छन् भन्ने बारेमा पीडित परिवारलाई प्रस्ट केही थाहा छैन ।

# अन्य उत्खननका बेला पीडित परिवारले भोगेका अनुभव

राष्ट्रिय मानवअधिकार आयोगले विगतमा अन्य केही उत्खनन गरेको थियो। आयोगको निर्देशनमा फरेन्सिक चिकित्सकहरूले ६ वटा मुद्दामा शव उत्खनन गरेको जानकारी एएफसँग छ। यस्तो जिम्मेवारी आयोगले मानवीय कारणले लिएको जस्तो देखिन्छ – जस्तै, अपराधको प्रमाण संकलनभन्दा पनि पीडितको परिवारले मृत्युसंस्कार सम्पन्न गरून् भनेर शव हस्तान्तरण गर्ने, प्रहरी तथा सरकारी वकिलसमक्ष प्रमाण सुरक्षित राख्नका लागि पेश गर्ने, थप अनुसन्धानका लागि तथा सामान्य फौजदारी कार्यविधि अन्तर्गत रही अपराधका लागि जिम्मेवारलाई कारबाही गर्नका लागि सिफारिस गर्ने।

## सरला सापकोटाको बेपत्ता मुद्दा

२०६२ पुस २७ गते राष्ट्रिय मानवअधिकार आयोगले १५ वर्षीया सरला सापकोटाको शवका अवशेष धादिङ जिल्लास्थित जीवनपुर गाविसमा पर्ने छापागाउँको जंगलबाट उत्खनन गर्नका लागि त्रिवि शिक्षण अस्पतालबाट एकजना फरेन्सिक चिकित्सकलाई नियुक्त गरेको थियो। आफ्ना हजुरबुवाको घरबाट २०६१ असार ३१ गते पक्राउ

परेपछि सरला सापकोटा बेपत्ता भइन् । उनका नातेदार बैरेनी ब्यारेक तथा धादिङ जिल्ला प्रहरी कार्यालयमा बुझ्न जाँदा अधिकारीहरूले उनलाई पक्राउ नै गरेको छैन भन्ने जवाफ दिए । १६ महिनासम्म परिवारले सरलाका बारेमा केही पनि जानकारी पाएन । उनका बुवाले राष्ट्रिय मानवअधिकार आयोग तथा आइसिआरसिमा उजुरी दाखिला गरे । पछि उनैले ती संस्थालाई घरनजिकैको खेतबाट लासको हुनसक्ने गन्ध आइरहेको भनी जानकारी गराए । राष्ट्रिय मानवअधिकार आयोगले २०६२ पुस ७ सात गते स्थल निरीक्षणका लागि एउटा प्रतिनिधि पठायो तथा उत्खनन गर्नका लागि २०६२ पुस २७ गते त्यहाँ गयो ।

राष्ट्रिय मानवअधिकार आयोगको पहलमा गरिएको यो पहिलो उत्खनन थियो । फरेन्सिक प्रतिवेदन तथा पोस्टमोर्टम प्रतिवेदन आयोगलाई बुझाइएको थियो । आयोगले प्रतिवेदनको एक प्रति जिल्ला प्रहरी कार्यालयलाई बुझाएको थियो तर एएफलाई जानकारी भएअनुसार जिल्ला प्रहरी कार्यालयले मुद्दाको अनुसन्धान गर्नका लागि कुनै कारबाही अगाडि बढाएन जबकि सरलाका बुवाले जाहेरी दर्ता गरिसकेका थिए । आयोगले २०६५ असार ३० गते आफ्नो अनुसन्धान पूरा गर्‍यो । उसले सरकारसमक्ष आफ्ना सुझाव २०६५ भदौ ३ गते पेश गर्‍यो । पीडित परिवारलाई रु. तीन लाख क्षतिपूर्ति दिनुपर्ने तथा प्रहरीले जाहेरीका आधारमा शीघ्र अनुसन्धान थाल्नुपर्ने सुझावहरू यसमा थिए । २०६८ साउनको अन्त्यसम्म पनि आयोगले सिफारिस गरेको क्षतिपूर्तिको रकम पीडित परिवारले पाएको छैन तर अन्तरिम राहतका रूपमा उनीहरूले रु एक लाख भने पाएका छन् । सरलाको शवका अवशेष हालसम्म पनि काठमाडौँस्थित त्रिवि शिक्षण अस्पतालमा राखिएको छ किनकि न्याय नपाउन्जेलसम्म मृत्युसंस्कार नगर्ने भनी सरलाको बुवाको अडान छ । सर्वोच्च अदालतले २०६७ जेठ १७ गते धादिङ जिल्ला प्रहरी कार्यालयलाई शीघ्र अनुसन्धान थाल्नू भनी आदेश दिएको भए पनि यसमा कुनै पनि प्रगति भएको छैन ।

## हरि प्रसाद बोलखेको बेपत्ता मुद्दा

यसैगरी आयोगले हरि प्रसाद बोलखेको बेपत्ता मुद्दामा अनुसन्धान गर्दा साक्षीहरूबाट प्राप्त जानकारी अनुसार हरिको ज्यान मार्ने भइसकेको थियो र उनको शरीर काभ्रे जिल्लास्थित गणेशस्थानको जंगलमा गाडिएको थियो । यो जानकारी पाएपछि आयोगले प्रहरीलाई संलग्न नगराइकनै उत्खनन प्रक्रिया सुरु गऱ्यो । २०६३ असार २२ गते आयोगले हरिको शव उत्खनन गऱ्यो र उनले पक्राउका समयमा लगाएका कपडा र जुत्तासमेत निकाल्यो । हरिका बुवा र दाइ उत्खननका बेला उपस्थित थिए । कम्मर (पुट्ठा) मा गोली लागेर भएको घाउ ले गर्दा हरिको मृत्यु भएको हो भन्ने निष्कर्ष फरेन्सिक परीक्षणबाट निस्कियो । फरेन्सिक विभागले आफ्नो प्रतिवेदन काभ्रे प्रहरी तथा आयोगलाई पठायो तर त्यसपछि फौजदारी अनुसन्धानमा खासै प्रगति भएको छैन ।

## शिवपुरी राष्ट्रिय निकुञ्ज मुद्दा

२०६४ पुसको सुरुतिर आयोगले काठमाडौँको उत्तरतर्फ रहेको शिवपुरी राष्ट्रिय निकुञ्जको क्षेत्रमा पर्ने शवहरू गाडिएको सम्भावित स्थान पहिचान गर्नका लागि एउटा भ्रमण आयोजना गऱ्यो । २०६० सालमा महाराजगंजस्थित सैनिक ब्यारेकमा थुनिएका अनेकौँ व्यक्तिमध्ये एकजनालाई शाही नेपाली सेनाले बेपत्ता बनाएर त्यो ठाउँमा पुऱ्याएर डढाएको भन्ने आरोप लगाइन्छ । ब्यारेकमा भएको यातना तथा बेपत्ताको घटनामा परेका ४९ जनामध्ये एकजनालाई यसो गरिएको भनी ओएचसिएचआरले अभिलेखीकरण गरी २०६३ जेठमा प्रकाशित प्रतिवेदनमा उल्लेख गरेको छ ।[1] यो उत्खननमा राष्ट्रिय फरेन्सिक विशेषज्ञका अलावा फिनल्यान्डबाट झिकाइएका दुई विशेषज्ञको पनि सहायता लिइएको थियो ।

[1] OHCHR-Nepal, "Report of investigation into arbitrary detention, torture and disappearances at Maharajgunj RNA barracks, Kathmandu, in 2003–2004", May 2006, http://nepal.ohchr.org/en/index.html

विशेषज्ञहरूले १५ खालका विभिन्न वस्तुलाई फिनल्यान्डस्थित प्रयोगशालामा परीक्षण गरेका थिए : कोइलाजस्ता काला वस्तु, कालो माटो, प्लास्टिक तथा रबरजस्ता सामग्री तथा काठका अनि कपडाका टुक्रासमेतका अन्य सबै संकलित वस्तु । २०६५ मंसिरमा आयोगले यी अवशेषहरू मानव शरीरकै हुन् भन्ने निष्कर्षको प्रतिवेदन प्राप्त गऱ्यो । आयोगले त्यसपछि फिनल्यान्डका विशेषज्ञ प्राध्यापक हेलेना रत्न, हेल्सिन्की विश्वविद्यालय तथा प्राध्यापक रेक्का साउक्को, टुर्कु विश्वविद्यालयलाई अनुसन्धानमा निरन्तरता दिनका लागि बोलाउने घोषणा गऱ्यो । “प्रतिवेदन अध्ययन गरिसकेपछि अनुसन्धानलाई निरन्तरता दिनुपर्ने हाम्रो निष्कर्ष रहेकाले हामीले उनीहरूलाई बोलाउने निर्णय गऱ्यौँ”[2] भन्ने कुरा आयोगका आयुक्त तथा प्रवक्ता गौरी प्रधानले द हिमालयन टाइम्सलाई २०६५ मंसिर ११ मा बताए ।

यस सम्बन्धमा आयोगले आइसिआरसिको समेत सहयोग लियो । २०६५ को बीचतिर जेनेभाबाट आएका दुई विशेषज्ञ, उटे होफमाइस्टर तथा ओरान फिनेगान, ले आयोगका कर्मचारीका अलावा नेपाल प्रहरी, स्थानीय फरेन्सिक विशेषज्ञ, मेडिकलका विद्यार्थी अनि मानवअधिकारकर्मीहरूलाई उत्खनन कार्यविधि, एन्टी मोर्टम डाटा संकलन तथा शवका अवशेषको पहिचानसँग सम्बन्धित अन्य सिपको तालिम दिए ।[3] थप तालिम सत्रहरू २०६६ तथा २०६७ मा आयोजना गरिए । पुस २०६७ मा नाफोल, एफ्एम्डि, आइओएम्, डिओए, नेपाल प्रहरीको फरेन्सिक प्रयोगशाला तथा आयोग एउटा तालिममा सहभागी भए । यो तालिम आइसिआरसि र शान्ति तथा पुनर्निर्माण मन्त्रालयले संयुक्त रूपमा सञ्चालन गरेका थिए अनि यसमा अर्जेन्टिनाको फरेन्सिक मानवशास्त्रीको टोलीले प्राविधिक सहयोग दिएको थियो ।[4]

[2] Himalayan News Service, "SHIVAPURI CASE: A growing pointer to human remains", 26 November 2008. (The article is no longer available on the internet.)

[3] Nepali Times, ‘Unearthing the Truth’, 19 December 2008, available at http://www.nepalitimes.com/issue/2008/12/19/Nation/15496

[4] "Maina Sunuwar. Separating fact from fiction", February 2010, available at http://www.advocacyforum.org/downloads/pdf/publications/maina-english.pdf

यसका बाबजुद शिवपुरी राष्ट्रिय निकुञ्जको मुद्दामा थप प्रगति भएको छैन ।

## डेकेन्द्रराज थापाको शव उत्खनन

राष्ट्रिय मानवअधिकार आयोगले २०६५ असार ११ गते दैलेख जिल्लाको जंगली इलाकाबाट डेकेन्द्रराज थापाको शव उत्खनन गऱ्यो । २०६१ साउन २७ गते थापालाई पार्टीको विरुद्ध सुराकी गरेको आशंकामा नेकपा (माओवादी) का सदस्यले अपहरण गरेको थियो । थापा रेडियो नेपाल, नेपाल रेडक्रस समाज दैलेख, एम्नेस्टी इन्टरनेसनलसँग सम्बन्धित थिए तथा खानेपानी उपभोक्ता समितिका अध्यक्ष थिए । राजनीतिक रूपमा उनी नेकपा (एमाले) निकट थिए ।

उनलाई ज्यान मार्ने गर्नुअगाडि यातना दिएको आशंका छ । उनको ज्यान मार्नेमा संलग्न पीडक भनिएका व्यक्ति लछिराम घर्ती, बम बहादुर खड्का, छविलाल शाही (रंजित) हुन् । रंजित माओवादी पार्टीका जिल्ला सचिव हुन् ।

## मैना सुनुवारको शव उत्खनन

माथि वर्णन गरिएका उत्खननको विपरीत मैना सुनुवारको शव उत्खननमा राष्ट्रिय मानवअधिकार आयोगले नेतृत्व लिएन । १५ वर्षीया बालिका मैनाको माघ २०६० मा यातनापश्चात् सेनाको हिरासतमा मृत्यु भएको थियो ।[5] राष्ट्रिय फरेन्सिक विशेषज्ञले अन्तर्राष्ट्रिय विशेषज्ञको मद्दत लिई चैत २०६३ मा काभ्रे जिल्लास्थित पाँचखाल सैनिक ब्यारेकनजिकैको चिहानबाट मैनाको शवका अवशेष उत्खनन गऱ्यो ।

[5] AF, "Maina Sunuwar. Separating fact from fiction", February 2010, available at http://www.advocacyforum.org/downloads/pdf/publications/maina-english.pdf

काभ्रे प्रहरीले मैनाको मृत्युमा फौजदारी अनुसन्धान गरिरहेको थियो र यो उत्खनन प्रस्ट रूपमा त्यही अनुसन्धानको एक अंगका रूपमा रहेको थियो। यसलाई ओएचसिएचआरको प्राविधिक सहयोग तथा (मैनाकी आमा देवी सुनुवारको प्रतिनिधित्व गर्ने) एड्भोकेसी फोरमको परामर्शमा सम्पन्न गरिएको थियो। ओएचसिएचआर तथा राष्ट्रिय मानवअधिकार आयोगका प्रतिनिधि पर्यवेक्षकका रूपमा उपस्थित थिए भने देवी सुनुवार तथा उनका श्रीमान् पनि त्यहाँ थिए। उत्खनन हुनुअघि ओएचसिएचआरले देवी सुनुवारलाई एन्टी मोर्टम विवरण प्रदान गर्न अनुरोध गऱ्यो र अन्तर्वार्ताका दौरान उनलाई कानुनी सल्लाहकारले मद्दत गरे। तर उनलाई उत्खननपूर्व, उत्खननका बेला वा उत्खननपछि कुनै प्रकारको मनोवैज्ञानिक परामर्श दिइएन।

मैनाको शवका अवशेष शिक्षण अस्पतालको फरेन्सिक विभागमा पुऱ्याइयो। देवी सुनुवारबाट डिएनए नमुना लिइयो। प्रहरीले यो नमुनालाई शवको अवशेषबाट झिकिएको नमुनासँगै राखेर विश्लेषणका लागि भारतस्थित प्रयोगशालामा मंसिर २०६४ मा पठायो। असार २०६५ मा ती नमुनाउपर गरिएका परीक्षणको परिणामले शवका अवशेष मैनाकै थिए भन्ने सुनिश्चित गऱ्यो। यो कुरा काभ्रे प्रहरीलाई बताइयो। काभ्रे जिल्ला प्रहरी कार्यालयले यसका बारेमा सरकारी वकिल तथा अदालतलाई जानकारी गरायो। यसअघि पुस २०६४ मा सर्वोच्च अदालतको निर्देशनमा काभ्रे सरकारी वकिलको कार्यालयले मैनाको मृत्युका लागि जिम्मेवार भनी आशंका गरिएका चार सैनिक अधिकृतका विरुद्ध काभ्रे जिल्ला अदालतमा ज्यान मारेको अभियोग दर्ता गरे। अदालतले पनि यी चारजना आरोपितका विरुद्ध पक्राउ आदेश जारी गऱ्यो। तर हालसम्म यीमध्ये एकजनालाई पनि प्रहरीले सोधपूछ तथा पक्राउ गरेको छैन।

# विद्यमान कानुनी तथा नीतिगत संरचनामा भएका प्रमुख कमीकमजोरी

## प्रहरी अनुसन्धान

नेपालमा उत्खननमार्फत प्रमाण संकलन गर्ने कुनै विशिष्ट कानुनी तथा नीतिगत संरचना छैन । यसको साटो यसमा सरकारी मुद्दासम्बन्धी ऐन लगाइन्छ र यसले फौजदारी अनुसन्धानका लागि तथा सरकारी मुद्दासम्बन्धी ऐन लाग्ने मुद्दामा शव बरामदगीका सन्दर्भमा अझ साधारण संरचना दिन्छ। ऐनको दफा ११ का अनुसार :

(१) कुनै प्रहरी कार्यालयको क्षेत्रभित्र कुनै व्यक्ति कर्तव्य वा दुर्घटना भई वा आत्मज्यान मार्ने गरी वा कुनै अपराधको परिणाम स्वरुप शंकास्पद स्थितिमा मरेको जानकारी प्राप्त भएमा सो क्षेत्रको प्रहरी कार्यालयको कम्तीमा प्रहरी नायब निरीक्षक दर्जाको प्रहरी कर्मचारीले यथाशीघ्र लाश रहेको ठाउँमा गई लाश जाँच गरी यथासम्भव निम्नलिखित कुराहरू समेत खुलाई मुचुल्का तयार गर्नु पर्नेछ र सम्भव भएसम्म लाशको र सम्वन्धित ठाउँको फोटो समेत खिच्नु पर्नेछ :

(क) लाशको सनाखत हुने विवरण,

(ख) लाश रहेको ठाउँ र लाशको अवस्था,

(ग) लाशमा कुनै घाउ, चोट, नील वा डाम देखिएमा त्यस्तो घाउ, चोट, नील वा डाम देखिएको ठाउँ, संख्या, लम्बाई, चौडाई, गहिराई समेतको प्रत्येक घाउ, चोट, नीलडामको विवरण

(घ) मृत्यु गराउने संभावित साधन र लाशमा देखा परेका तत्सम्वन्धी लक्षण,

(ङ) मृत्युको कारण थाहा पाउन सहायता हुने लाशमा देखिएको अन्य कुनै लक्षण र

(च) अन्य उल्लेखनीय कुरा ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि मुलुकी ऐन ज्यान सम्वन्धी महलको २ नं. बमोजिम अधिकृत व्यक्तिले लाश जाँच गर्ने कुरालाई बाधा पुऱ्याएको मानिने छैन ।[1]

(३) उपदफा (१) बमोजिम लाश जाँच गर्दा कुनै अपराधको परिणामस्वरूप वा शंकास्पद स्थितिमा मृत्यु भएको देखिन आएमा सम्वन्धित प्रहरी कर्मचारीले सो लाशलाई शव परीक्षणको निमित्त सरकारी खर्चमा सरकारी चिकित्सक समक्ष पठाउनु पर्नेछ ।

(४) लाश सडी गली जाँच गर्न नसकिने अवस्था भएमा वा देखिएमा सम्वन्धित प्रहरी कर्मचारीले सो कुरा खुलाई मुचुल्का खडा गरी राख्नु पर्नेछ र उपदफा (३) बमोजिम कारवाही गर्न आवश्यक पर्ने छैन ।

[1] The Country Code provision referenced here requires the VDC or Police to get the nearest most medically qualified person to do a ‘dead body examination report’ as soon as possible, and to protect the body.

(५) लाश जाँच भैसकेपछि वा उपदफा (४) बमोजिम मुचुल्का खडा भएपछि सम्वन्धित प्रहरी कर्मचारीले हकवालालाई भरपाई गराई लाश बुझाउनु पर्छ। हकवालाले लाश बुझी नलिएमा वा कुनै हकवाला उपस्थित नभएमा सम्वन्धित प्रहरी कर्मचारीले सरकारी खर्चमा प्रहरी ऐन बमोजिम लाशको सद्गत गराउनु पर्नेछ।[2]

यी व्यवस्थाहरूको अध्ययन गर्दा के देखिन आउँछ भने यिनले गुपचुप गाडिएका स्थानबाट उत्खनन गर्दा मृत्युको धेरै समय बितिसकेपछि हुने लासको स्थितिले ल्याउने जटिलतामाथि विशेष विचार पुऱ्याएको देखिँदैन, "सडी गली" गएको स्थितिलाई विचार गरेको अवस्थाबाहेक (उपदफा (४))। तैपनि यी साधारण व्यवस्थामध्ये फौजदारी अनुसन्धानसँग सम्बन्धित अनेकौं प्रावधान उत्खननमा विशेष सान्दर्भिक छन्। उदाहरणका लागि, ऐनको दफा ४ (१) का अनुसार प्रहरी अधिकृतले "अपराध भएको वा भइरहेको वा हुन लागेको जानकारी पाएमा निजले यथाशीघ्र अपराधलाई रोक्ने, अपराधसँग सम्बन्धित कुनै प्रमाण लोप वा नाश हुन नदिने र अपराधी भाग्न, उम्कन नपाउने व्यवस्था गर्नुपर्नेछ।" ऐनको दफा ७ ले "कम्तीमा प्रहरी सहायक निरीक्षक दर्जाको प्रहरी कर्मचारीले यथाशीघ्र अपराधको तहकिकात गरी सबूद प्रमाण संकलन गर्नुपर्नेछ्रू भनी निर्धारण गरेको छ।" तहकिकात गर्ने प्रहरी कर्मचारीले यथासंभव निम्नलिखित कुराहरू खुलाई मुचुल्का तयार गर्नु पर्नेछ :

(क) अपराध भएको ठाउँको विवरण,

(ख) सो ठाउँको वस्तुस्थिति तथा अपराध वा अपराधीसँग त्यसको सम्वन्ध, र

(ग) अपराध भएको ठाउँ वा त्यसको वरपर देखिएको वा पाइएको अन्य कुनै उल्लेखनीय कुरा।

[2] This refers to Section 22A of the Police Act which sets out procedures for the police to handle 'unclaimed' dead bodies.

तहकिकात गर्ने प्रहरी कर्मचारीले यथासंभव सो ठाउँको र सो ठाउँमा देखिएको वा पाइएको औँला वा खुट्टाको पाइलाको चिह्न वा अन्य कुनै महत्वपूर्ण कुराको फोटो समेत लिन सक्नेछ ।

तहकिकात गर्ने प्रहरी कर्मचारीले अपराधसँग सम्वन्धित कागजात वा वस्तु फेला पारेमा त्यसलाई कब्जामा लिनुपर्नेछ ।

यी कर्तव्य पूरा गर्न प्रहरीले थुप्रै बाधाअवरोध बेहोर्नुपर्दछ । सबभन्दा पहिले त नेपाली सेनाले पटक्कै सहयोग गर्दैन । अझ, विशेषगरी धनुषाको मुद्दामा, नेपाली सेना तथा नेपाल प्रहरी दुवैका उच्च अधिकृत जाहेरीमा आरोपितका रूपमा उल्लेखित छन् । अनुसन्धानमा प्रायः तल्लो तहका अधिकारी (धनुषामा प्रहरी निरीक्षक वा प्रहरी सहायक निरीक्षक) खटाइने हुँदा उनीहरूले आफूभन्दा वरिष्ठ अधिकृतलाई सहयोगका लागि बाध्य बनाउन गाह्रो हुन्छ ।

सर्वोच्च अदालतले २०६८ असार २९ को आफ्नो अन्तरिम आदेशमा (माथि हेर्नुहोस्) सरकारी मुद्दासम्बन्धी नियम २०५५ को नियम ४(१) बमोजिम अनुसन्धान अघि बढाउन प्रहरी उपरीक्षकको अधिकारसमान शक्ति प्राप्त अधिकृत नियुक्त गर्नका लागि राज्यलाई निर्देशन दियो । अझ, कुबेर सिंह रानाले अनुसन्धानमा हस्तक्षेप गरी यसलाई प्रभावित नपारून् भन्ने सुनिश्चित गर्नका लागि सरकार चनाखो हुनुपर्ने भनी अदालतले निर्देशन दियो । अदालत तथा राष्ट्रिय मानवअधिकार आयोगलाई मुद्दाको प्रगति विवरण महिनैपिच्छे पठाउन अदालतले प्रधानमन्त्रीको कार्यालय, गृह मन्त्रालय तथा प्रहरी प्रधान कार्यालयलाई आदेश दियो ।[3] यो आदेशले अनुसन्धानमा प्रगतिका लागि मद्दत गर्छ अनि प्रहरी नायब महानिरीक्षकका रूपमा कुबेर सिंह रानाले एउटा आफूभन्दा कनिष्ठ प्रहरी उपरीक्षकको अनुसन्धानमा कत्तिको सहयोग पुऱ्याउनेहुन् भन्ने कुरा हेर्नै बाँकी छ ।

[3] See http://www.advocacyforum.org/downloads/sc-decision-in-kuber-rana-case.pdf

यसका अतिरिक्त देशमा लामो समयदेखि व्याप्त दण्डहीनताको संस्कृतिको कारण सुरक्षाफौजविरुद्ध दर्ता भएका मुद्दामा प्रहरीले प्रभावकारी रूपमा अनुसन्धान प्रक्रियालाई अगाडी बढाउन सकिरहेको छैन। धनुषामा घटनास्थलको संरक्षण गर्न प्रहरीले कुनै कारबाही गर्न नसक्नु र आरोपीसँग सोधपुछ नगरिनु वा अपराधमा संलग्न प्रमाण संकलन नगरिनुले अपराध अनुसन्धान कार्यमा प्रहरी प्रतिबद्ध नभएको पुष्टि गर्दछ। यसको विपरीत प्रहरीले मुद्दाको छानबिन गर्न ढिलो गरेको र सूचना खोज्नका लागि पत्राचार मात्र गर्ने गरेको देखिन्छ। रिना रसाइलीको ज्यान मार्नेसँग सम्बन्धित परमादेशको रिट निवेदनको फैसलामा सर्वोच्च अदालतले डिसेम्बर २००९ मा पत्राचारद्वारा अनुसन्धानात्मक कार्य भइरहेको भन्ने प्रहरीको प्रवृत्तिको टिप्पणी गरेको छ :

*ज्यान मार्ने सम्बन्धी मुद्दामा पत्राचार मात्र गरिनुले अनुसन्धान कार्य भइरहेको भन्न मिल्दैन..................*

*कानुनले अपराध घोषित गरेको कुरा कानुनमा अन्यथा उल्लेख भएमाबाहेक जोसुकैले जुनसुकै अवस्थामा गरे पनि त्यो अपराध नै हुन्छ। घरमा सुतिरहेको अवस्थामा राती जबरजस्ती कब्जामा लिई गोली हानी ज्यान मार्ने गरेको भनि जहेरी परिसकेको अवस्थामा सैनिक वा सुरक्षाकर्मीविरुद्ध अनुसन्धान गर्न कानुनले रोकेको छैन। सैनिक वा सुरक्षाकर्मीविरुद्ध अनुसन्धान नगरिने हो भने संविधानले अंगिकार गरेको कानुनी राज्यको नागरिकलाई प्रदान गरेको न्याय सम्बन्धी मौलिक हकको उपहास हुनजान्छ।*[4]

अझै पनि नेपाल प्रहरीले द्वन्द्वकालका मुद्दालाई भिन्नै तरिकाले हेरिनुपर्दछ भन्ने तर्क बारम्बार अगाडि सारेको छ। यस्ताखाले अपराधलाई भविष्यमा गठन हुने संक्रमणकालीन न्यायका संयन्त्रले हेर्नुपर्दछ भन्ने तर्क केही प्रहरी अधिकारीको

[4] Supreme Court of Nepal, order of December 14, 2009 in Writ no. 0339/2064 (2007), p. 4.

रहेको छ । यद्यपि सत्यनिरूपण तथा मेलमिलाप आयोग र बेपत्ता आयोग स्थापनाका लागि तयार पारिएको कानुनको मस्यौदाले यी आयोगलाई अभियोजनको अधिकार दिएको छैन । बरु यी आयोगले अपराध भएको हो भन्ने प्रारम्भिक प्रमाण भएको अवस्थामा थप अनुसन्धानका लागि मुद्दालाई प्रहरी वा महान्यायधिवक्ताको कार्यालयमा पठाउनसक्छ ।[5]

## राष्ट्रिय मानवअधिकार आयोग

राष्ट्रिय मानवअधिकार आयोग ऐन २०५४ ले आयोगको अधिकारको बारेमा व्यवस्था गरेको छ ।[6] नेपालको अन्तरिम संबिधान २०६४ को दफा १३१-१३३ अर्न्तगत आयोगलाई एक संवैधानिक अङ्गको रूपमा स्थापना गरिएको छ । संविधानको दफा १३२ अन्तर्गत आयोगसँग अनुसन्धान गर्ने, सम्बन्धित निकायमा सिफारिस गर्ने, अदालतमा रिट दायर गर्ने, मानवअधिकारसँग सम्बन्धित कानुनको पुनरवोलकन गर्ने, नेपाल पक्ष रहेको मानवअधिकारसँग सम्बन्धित अन्तर्राष्ट्रिय कानुनहरूको कार्यान्वयन भए नभएको अनुगमन गर्ने र मानवअधिकार उल्लंघन गर्ने अधिकारी, निकाय र व्यक्तिको नाम सार्वजनिक गर्नेजस्ता अधिकार रहेका छन् । आयोगसँग न्यायिक अधिकार नभएपनि योसँग प्रमाणहरू लिने, समन जारी गर्ने, सम्बन्धित संस्थाबाट सहयोग माग्ने र “पीडितलाई क्षतिपूर्ति प्रदान गर्ने सन्दर्भमा सिफारिस गर्ने” जस्ता अदालतसरहका अधिकार भने रहेका छन् । आयोगका यी अधिकार नेपालको अन्तरिम संविधानमा नै उल्लेख भएको भएतापनि

[5] For a legal briefing on the relationship between transitional justice mechanisms and the criminal justice system, see OHCHR-Nepal, "The relationship between transitional justice mechanisms and the criminal justice system. Can conflict-related human rights and humanitarian law violations and abuses be deferred or suspended on the basis of commitments to establish a Truth and Reconciliation Commission?", March 2011, available at http://nepal.ohchr.org/en/resources/Documents/English/other/2011/2011_03_29_Legal_Opinion_E.pdf

[6] See http://www.nhrcnepal.org/legislation1.php?legisNo=3

२०५४ को आयोगको ऐनलाई उल्लेखित अधिकार अनुरूप संशोधन गरिएको छैन । त्यसकारण आयोगको अधिकारको सन्दर्भमा केही अन्योल रहेको छ ।

आयोगसँग शवोत्खननलगायत मुद्दाको अनुसन्धानमा पालना गरिनुपर्ने कार्यपद्धति उल्लेख गरिएको सन्धिको कुनै आलेख (प्रोटोकल) छैन । आयोगले शवोत्त्खननद्वारा प्रमाण संकलन गर्नपाउने वा नपाउने र आफूले संकलन गरेका प्रमाण थप अनुसन्धान र अभियोजनका लागि महान्यायधिवक्ताकोमा सोझै पठाउनसक्ने वा नसक्ने भन्ने विषय निकै अस्पष्ट रहेको छ । नेपालको अन्तरिम संविधान र राष्ट्रिय मानवअधिकार आयोग ऐन २०५४ यस विषयमा मौन भएतापनि हालसम्म आयोगले कुनैपनि मुद्दा अभियोजनका लागि महान्यायधिवक्ताकोमा सोझै पठाएको छैन ।[7] बरु यसले आफ्नो अनुसन्धानको प्रतिवेदन प्रधानमन्त्रीको कार्यालय र मन्त्रिपरिषद्मा पठाउने गरेको छ । आयोगले गरेको कुनै पनि सिफारिसलाई समान रूपले कार्यान्वयन गरिएको छैन । "प्रधानमन्त्रीको कार्यालय र मन्त्रिपरिषद्ले प्राप्त गरेको प्रगति प्रतिवेदनको अनुसार आयोगले गरेको करिब ५०० सिफारिसमध्ये १४ वर्षको दौरानमा केवल ३५ वटा सिफारिस मात्र पूर्ण रूपले कार्यान्वयन भएको छ ।"[8]

## स्वास्थ्यकर्मी

यस सन्र्दभमा नेपाल प्रहरी र आयोगको भूमिकामा रहेको थुप्रै अस्पष्टताको अतिरिक्त फरेन्सिक चिकित्सकको भूमिका पनि अन्योलपूर्ण रहेको छ । सरकारी मुद्दासम्बन्धी ऐन (सन् १९५५ देखि प्रचलनमा रहेको जतिबेला नेपालमा एउटा

[7] AF understands that a working group has been set up consisting of representatives of the Attorney General's Office and the NHRC to study this question.

[8] Bimal Gautam "Only 35 NHRC Recommendations Implemented" MyRepublica 12 January 2010 http://www.myrepublica.com/portal/index.php?action=news_details&news_id=27064

पनि फरेन्सिक विशेषज्ञ थिएन) ले पनि प्रहरी अनुसन्धानमा फरेन्सिक विशेषज्ञलाई संलग्न गराउनु पर्छ भन्नेबारे स्पष्ट रूपले केही बोलेको छैन ।[9] यो ऐनको दफा १३ ले अपराधको तहकिकात गर्ने प्रहरी कर्मचारीले आवश्यक सम्भ्केमा अपराधसँग सम्वन्धित कुनै कुराको सम्वन्धमा विशेषज्ञको राय लिन सक्ने कुरा मात्र उल्लेख गरेको छ । प्रहरीलाई शव जाँच गराउने र लाशको सद्गत गराउन सक्ने व्यापक अधिकार दिएको दफा ११ लाई उल्लेखित दफासँग मिलाएर पढ्दा सरकारी मुद्दासम्बन्धी ऐनको कानुनी संरचनाले उच्च मापदण्डको प्रभावकारी शवोत्खननलाई सुनिश्चित नगरेको पुष्टि हुन्छ । यस्ता व्यवस्थालाई संशोधन गरिनुपर्दछ ।

## सरकारी वकिल

मानवअधिकार उल्लंघनका घटनाको अनुसन्धानको सर्न्दभमा सरकारी वकिलको भूमिका पनि अन्योलपूर्ण छ । सरकारी मुद्दासम्बन्धी ऐनअनुसार सरकारी वकिलले मुद्दाको अनुसन्धानका दौरान प्रहरीलाई राय सल्लाह दिनसक्ने व्यवस्था रहेतापनि दफा ७(५) ले तहकिकात गर्दा सम्बन्धित प्रहरी कर्मचारीले कुनै विषयमा सरकारी वकिलको राय सल्लाह मागेमा मात्र त्यस्तो राय सल्लाह दिनु सरकारी वकिलको कर्तव्य हुनेछ भन्ने कुरा व्यक्त गरेको छ । धनुषाको मुद्दाजस्ता केही अपवादबाहेक यो प्रावधानले सरकारी वकिलको भूमिकालाई निकै निष्क्रिय बनाएको छ । २०६६ सालको धनुषाको अनुसन्धानका दौरान त्यहाँको स्थानीय प्रहरीलाई सरकारी वकिलले शवोत्खनन गर्ने सम्बन्धमा विस्तृत निर्देशन दिएको

[9] The first forensic doctor started practising in Nepal in 1985 and the activities of her office, including technical cooperation, in Nepal, 16 February 2011, UN doc: A/HRC/16/23, paragraph 36.

थियो । यसको बाबजुद पनि २०६७ सालसम्म पनि प्रहरीले उत्खनन गर्न ढिलासुस्ती गरेको थियो ।[10]

यसका अतिरिक्त महान्यायाधिवक्ताको भूमिकामा रहेको अस्पष्टता र वैचारिक विभेद त्यति बेला स्पष्ट रूपमा अगाडि आयो जब मानवअधिकारीवादीले कुबेर सिंह रानाको पदोन्नतिलाई चुनौती दिँदै निजविरुद्ध सर्वोच्च अदालतमा दायर गरेको मुद्दामा महान्यायधिवक्ताले नै उसको पक्ष लियो (थप जानकारीका लागि माथि हेर्नु होला) । नेपालको अन्तरिम संविधान २०६४ अनुसार सरकारी मुद्दासम्बन्धी ऐन २०१२ अन्तर्गतका सबै फौजदारी मुद्दा (ज्यान मार्ने लगायत) को अभियोजन गर्न महान्यायधिवक्ताको कार्यालय उत्तरदायी रहेको छ । यसबाट के कुरा स्पष्ट हुन्छ भने महान्यायधिवक्ताको दोहोरो भूमिकाले गर्दा वैचारिक विभेद रहने खतरा सधैँ रहन्छ । फौजदारी मुद्दाको अनुसन्धानमा भएको प्रगतिको प्रतिवेदन प्रहरी र महान्यायाधिवक्ताले मासिक रूपमा अदालत र राष्ट्रिय मानवअधिकार आयोगसमक्ष पेश गर्ने भनी सर्वोच्चबाट भएको अन्तरिम आदेशले यो अन्तर्द्वन्द्वलाई झन् उजागर गरेको छ ।

यस्तैखाले अन्तर्द्वन्द्व काभ्रे जिल्ला छत्रेवास गा.वि.स ५ दाप्चा निवासी अर्जुन लामाको अपहरण र बेपत्तासम्बन्धी मुद्दामा पनि रहेको छ । लामालाई माओवादी कार्यकर्ताले २०६२ साल वैशाख ६ गते अपहरण गरी बेपत्ता बनाएका थिए । पुरानागाउँ गा.वि.स ८ का “रकी” भनेर चिनिने यादव पौडेल, मथुरापति गा.वि.स. ३, फुलवारीका भोला अर्याल र काभ्रे जिल्ला पोखरीचौरी गा.वि.स. ८ फुलवारीका श्याम भनेर चिनिने कर्णाखर गौतम घटनामा संलग्न रहेका माओवादी कार्यकर्ता हुन् । लामा पक्राउ परेपछि नै बेपत्ता भएका छन् ।

[10] OHCHR, Report of the United Nations High Commissioner for Human Rights on the human rights situation

लामाको श्रीमती र अन्य केही साक्षीका अनुसार लामालाई त्यहाँको स्थानीय माओवादी कार्यकर्ता नोर्बु मोक्तानले बुढाखानी गा.वि.स. मा अवस्थित माओवादीको तालिम केन्द्रमा पुऱ्याएको थियो जहाँ निज लामालाई माओवादी केन्द्रीय समितिका सदस्य अग्नि सापकोटासमक्ष उभ्याइएको थियो। त्यसपछि सापकोटाको ठाडो आदेशमा माओवादी कार्यकर्ताले लामाको २०६२ आषाढको अन्तिम हप्तातिर ज्यान मार्ने गरी लास गाडे।

द्वन्द्वकालका अन्य धेरै मुद्दा जस्तै यो मुद्दालाई पनि प्रस्तावित सत्यनिरूपण आयोगले नै हेर्ने भन्दै प्रहरीले जाहेरी दरखास्त लिन मानेन। ज्यान मार्नेजस्तो जघन्य अपराधको छानबिन गर्नु प्रहरीको प्रमुख दायित्व हुने भन्ने कुरा व्यक्त गर्दै सर्वोच्च अदालतले जिल्ला प्रहरी कार्यालयविरुद्ध २०६४ साल फाल्गुण २७ गते आदेश जारी गऱ्यो। हालसम्म पनि स्थापना भइनसकेको र कार्यादेश तथा क्षेत्राधिकार पनि अझै स्पष्ट नभएको आयोगको नाममा यस्ताखाले मुद्दामा हुनु पर्ने अनुसन्धान र अभियोजनलाई मुल्तबीमा राख्नहुँदैन। यस्तो कानुन नबन्ने बेलासम्म र यस्ताखाले अपराध सत्य निरूपण आयोगको क्षेत्राधिकारमा पर्ने कुरा सुनिश्चित नभएसम्म सरकारी मुद्दासम्बन्धी ऐनमा सूचीकृत सम्पूर्ण अभियोग विद्यमान फौजदारी कानुनअन्तर्गत प्रहरीले दर्ता गरी अनुसन्धान गर्नुपर्दछ। अन्तमा यही प्रावधानअनुरूप निज लामाको मुद्दामा जिल्ला प्रहरी कार्यालय काभ्रेमा २०६५ श्रावण २७ गते जाहेरी दरखास्त दर्ता गरियो। उक्त मुद्दामा अग्नि सापकोटा सहित यादव पौडेल, भोला अर्याल, कर्णाखर गौतम, सुर्यमान दोङ्ग र नार्बु मोक्तान गरी कुल ६ जनालाई प्रतिवादी बनाइयो।

२०६८ साल वैशाख २१ गते अग्नि सापकोटा मन्त्री पदमा नियुक्त भए। सरकारको यो निर्णयलाई चुनौती दिंदै मानवअधिकारवादीहरूले २०६८ जेष्ठ १३ गते सर्वोच्च अदालतमा रिट निवेदन दर्ता गरे। एकपटक फेरि महान्यायाधिवक्ता मन्त्री सापकोटाको पक्षमा उभियो। रिट निवेदकले माग गरेबमोजिम सर्वोच्च अदालतले अन्तरिम आदेश जारी गर्न मानेन। यद्यपि सर्वोच्च अदालतले अर्जुन लामाको

मुद्दाउपर तत्काल छानबिन सुरु गरी प्रत्येक १५ दिनमा महान्यायाधिवक्ताको कार्यालयमार्फत सर्वोच्चमा रिपोर्ट गर्न जिल्ला प्रहरी कार्यालय काभ्रेलाई निर्देशन दियो ।

त्यतिबेला देखि नै एएफले लामाको मुद्दामा भएको प्रगतिबारे जानकारी लिन नियमित रूपमा जिल्ला प्रहरी कार्यालय काभ्रेसँग सम्पर्क बनाइराखेको छ । यसको अलावा लामाको शव गाडिएको भनिएको स्थानबाट शव उत्खनन गर्न पनि एड्भोकेसी फोरम तल्लीन रहेको छ। काभ्रे जिल्ला प्रहरी कार्यालयले फोक्सिङ्गटार इलाका प्रहरी कार्यालयलाई उक्त स्थानको संरक्षण गर्न पत्राचार गरेको छ। प्रहरीबाट भएको अन्य कारबाहीबारे एड्भोकेसी फोरम अनभिज्ञ रहेको छ। २०६८ भाद्र महिनाको मध्यदेखि महान्यायाधिवक्ताको कार्यालयले सर्वोच्च अदालतलाई लामाको मुद्दाको सम्बन्धमा कुनै नवीन जानकारी दिएको छैन ।

कानुनी र नीतिगत अस्पष्टताको माझमा पीडित परिवारलाई कसैले पनि वास्ता गरेनन् । उत्खनन प्रक्रियाका दौरान शवको सम्मान र पीडित परिवारका लागि उचित परामर्श, पर्याप्त सूचना, मनोसामाजिक सहयोगलगायत उनीहरूको सत्य, न्याय र परिपूरणको अधिकारलाई सुनिश्चित गर्नेखालको कुनै पनि सन्धि छैन ।

# अन्तर्राष्ट्रिय मापदण्ड र असल अभ्यास

## अन्तर्राष्ट्रिय दस्तावेज

मुद्दाको छानबिनमा भएको प्रगतिबारे पीडितका परिवारजनलाई सुसूचित गराएर उनीहरूको अधिकारलाई सम्मान गर्न सकिन्छ भन्ने कुरा सर्वमान्य रहेको छ। यस्तो छानबिनले उनीहरूको आफन्तको स्थिति पत्ता लाग्दछ भन्ने कुराको विश्वास पीडितका परिवारमा पैदा हुन्छ। जबर्जस्ती बेपत्ताविरुद्ध सबै व्यक्तिको संरक्षणसम्बन्धी महासन्धिको धारा २४ ले "प्रत्येक पीडितसँग जबर्जस्ती बेपत्ताको परिस्थितिको सम्बन्धमा, सोको छानबिनमा भएको प्रगति र त्यसको नतिजा तथा बेपत्ता पारिएको व्यक्तिको अवस्थाका सम्बन्धमा सत्यतथ्य बुझ्न पाउने अधिकार रहेको हुन्छ" भन्ने कुरा व्यक्त गर्दछ। तसर्थ अनुसन्धानमा भएको प्रगतिबारे पीडित परिवारलाई सूचित गराउने दायित्व राज्यको हो।[1] यो कुरालाई जबर्जस्ती वा अस्वैच्छिक बेपत्तासम्बन्धी राष्ट्रसंघीय कार्यदलले सत्यतथ्य बुझ्न पाउने

[1] Article 24 International Convention on the Protection of all Persons from Enforced Disappearances 2006, available at http://www2.ohchr.org/english/law/disappearance-convention.htm. The Convention entered into force in December 2010. Nepal has not ratified the Convention to date.

अधिकारसम्बन्धी आफ्नो टिप्पणीमा पनि जोड दिएको छ । कार्यदलले यस सन्दर्भमा निम्नलिखित कुरा व्यक्त गरेको छ :

> *जबर्जस्ती बेपत्तासँग सम्बन्धित सत्यतथ्य बुझ्न पाउने अधिकार भन्नाले जबर्जस्ती बेपत्ताको परिस्थिति, सोको छानबिनमा भएको प्रगति र त्यसको नतिजा, बेपत्ता पारिएको व्यक्तिको अवस्था र पीडक को हो भन्नेबारे बुझ्न पाउने अधिकार भन्ने बुझिन्छ ।*
>
> *वास्तवमा जबर्जस्ती बेपत्ताको मुद्दाको छानबिनमा पीडितका आफन्तलाई संलग्न गराइनुपर्दछ ।*[2]

बेपत्ताको घटनाबाट प्रभावित परिवार र समुदायलाई मनोसामाजिक सहयोग प्रदान गर्न आवश्यक मापदण्डको स्थापना गर्ने प्रयासलाई निरन्तरता दिने क्रममा आइसिआरसिले सन् २०१० अप्रिलमा कोलम्बियाको बोगोटामा एक सम्मेलनको आयोजना गऱ्यो । सत्य, न्याय, जबर्जस्ती बेपत्ता र उत्खनन प्रक्रियामा मनोसामाजिक कार्यको यस विश्व सम्मेलनमा २७ राष्ट्रका सरकारी गैसस र अन्तर्राष्ट्रिय संघसंस्थाका विशेषज्ञको सहभागिता थियो । उक्त सम्मेलनले पीडितका परिवारको संरक्षण र अनुसन्धानमा उनीहरूको सहभागिताका साथै उत्खनन प्रक्रियालगायत कानुनी र मानवीय कारबाहीमा भएका प्रगतिका सम्बन्धमा पीडित परिवारलाई सूचना प्रदान गर्न राज्य र सरकारलाई जिम्मेवार बनाउने न्यूनतम मापदण्ड लागू गर्ने कुरामा सबै सहभगीले एक्यबद्धता जनाएका थिए ।[3] उनीहरूले बेपत्ता पारिएका व्यक्तिका परिवारलाई "सूचनामा निःशुल्क पहुँच,

[2] UN Working Group on Enforced and Involuntary Disappearances, General Comment on the Right to the Truth, available at http://www2.ohchr.org/english/issues/disappear/docs/GC-right_to_the_truth.pdf.

[3] http://www.congresoexhumaciones.com/index.php?option=com_content&view=article&id=72&Itemid=94. At the time of writing, the report of the conference was not available in English. AF was able to obtain a copy in Spanish. Any errors in translation are the responsibility of AF.

पारदर्शी अनुसन्धान प्रक्रिया र पीडित परिवारको सुरक्षा तथा संरक्षणको प्रत्याभूति गर्न" सम्बन्धित सरकारी निकायलाई आग्रह गरेका थिए। यसका अलावा उक्त सम्मेलनमा सार्वजनिक पद धारण गरेका व्यक्तिलाई पीडित परिवारको पीडाको सम्मान गर्न सिकाउने र मानवअधिकार उल्लंघनका घटनालाई न्यायिक अधिकारीसमक्ष सुनुवाइ गराउने प्रक्रिया पनि समावेश थियो।

यसभन्दा पहिला सन् २००३ फेब्रुअरी २१ मा आइसिआरसिले आयोजना गरेको सरकारी तथा गैरसरकारी संस्थाका विशेषज्ञको अन्तर्राष्ट्रिय सम्मेलनमा विशेषज्ञको सहमतिद्वारा ग्रहण गरिएको राय, सल्लाह र सिफारिसले "सशस्त्र द्वन्द्व र आन्तरिक हिंसाबाट बेपत्ता हुनपुगेकाहरूका लागि मनोवैज्ञानिक र सामाजिक सहयोग र समर्थन हुनुपर्ने अनि यस्तो वियोगको समाधान गर्न वा रोक्न बेपत्ता पारिएका व्यक्तिका परिवारलाई बढी ध्यान दिइनुपर्ने" निष्कर्ष निकालेको थियो।[4] यस सम्मेलनमा नेपालको तर्फबाट राष्ट्रिय मानवअधिकार आयोगले प्रतिनिधित्व गरेको थियो।

यी राय, सल्लाह र सुझाव र बोगोटामा अनुमोदन गरिएका न्यूनतम मापदण्ड कानुनी रूपले मान्नपर्ने दस्तावेज नभएतापनि यिनीहरूलाई व्यवहारिक पद्धति भएको "कार्य परिचालन गर्ने साधनको रूपमा" प्रवर्द्धन गरिएको छ। यी सुझाव र मापदण्ड नेपालको लागि पनि उपयुक्त रहेको छ।[5]

सन् २००३ मा अनुमोदन गरिएका यी सिफारिसले पीडित परिवारको सत्यतथ्य जान्नपाउने अधिकार र आफ्ना आफन्तको शव उत्खननका बारे सूचित हुनपाउने तथा उत्खननका दौरान संलग्न रहनपाउने अधिकारसँग सम्बन्धित कुराहरूको

[4] Summaries and outcomes of the International Conference of Governmental and Non-Governmental Experts and the 28th International Conference of the Red Cross and Red Crescent, February 2003, available at http://www.icrc.org/eng/resources/documents/publication/p0857.htm.

[5] Report by the Chairman to the Plenary, Mr Nicolas Michel, Director, Directorate of Public International Law, Federal Department of Foreign Affairs, Switzerland, ibidem.

सर्वोत्तम अभ्यासको एक संरचना प्रदान गरेको छ । नेपालको परिवेशमा विशेषगरेर निम्नलिखित कुराहरू उपयुक्त छन् :

## ***राज्यको दायित्व :***

*५.२ बेपत्ता पारिएको व्यक्तिको सूचना प्रदान गर्ने जिम्मेवारी राज्यका अधिकारी र विद्रोही पक्षले बहन गर्नुपर्ने । बेपत्तासम्बन्धी मुद्दाको अनुसन्धान पनि उनीहरूले नै गर्नुपर्ने । प्रमाण खुलिसकेपछि पनि अदालतको आदेश अवज्ञा गर्नेहरूलाई सजायको व्यवस्था हुनुपर्ने कुरा फौजदारी कार्यविधिमा उल्लेख गरिनुपर्ने । जानाजानी प्रमाण लोप गराउनेहरूलाई फौजदारी कारबाही हुनुपर्ने ।*

## ***पीडितहरूको सूचित हुनपाउने अधिकार :***

*५.६ फौजदारी अनुसन्धानका दौरान लुकाएर राखिएको सूचना, जसले बेपत्ता पारिएका व्यक्तिका बारे प्रशस्त जानकारी दिनसक्छ त्यस्ताखाले सूचना, न्यायिक संयन्त्र र प्रभावकारी अभियोजनसँग मेल खानेगरी पीडित परिवारलाई यथाशक्य चाँडो प्रदान गर्ने ।*

## ***फरेन्सिक विशेषज्ञको भूमिका :***

*६.१० कुनै पनि मुद्दाको अनुसन्धानमा फरेन्सिक विशेषज्ञ संलग्न रही कार्य सम्पादनका लागि पर्याप्त संरचना र अनुमोदित सन्धिजनित कानुनको आवश्यकता पर्दछ । पीडित परिवारलाई सूचित गर्ने हेतुले बेपत्ता पारिएका व्यक्तिको शवको पहिचान गर्नु र उनीहरूलाई उनीहरूको आफन्तको शव*

*फिर्ता गर्नु भनेको फौजदारी अनुसन्धानद्वारा प्राप्त गरिएको प्रमाण प्रदान गर्नुजत्तिकै महत्वपूर्ण छ। फरेन्सिक विशेषज्ञको यो भूमिकाले पीडित परिवारको अधिकारको उचित सम्मान गर्दछ र यी दुवै कुरा सुनिश्चित गर्नका लागि फरेन्सिक विशेषज्ञको कार्य अति महत्वपूर्ण हुन्छ।*

## फरेन्सिक कार्यका दौरान पीडित परिवारको अधिकार :

*६.१९ मुद्दाको अनुसन्धानमा संलग्न रहेका सबै व्यक्तिले फरेन्सिक विशेषज्ञको भूमिकाको पहिचान गर्दै शव उत्खनन, शव परीक्षण र पहिचानको कार्यसम्पादन गर्नका लागि आवश्यक पर्ने संरचना, मापदण्ड र सन्धिजनित कानुनका बारेमा जानकारी राख्नुपर्दछ। यसअन्तर्गत शव उत्खनन र पहिचानमा शव कसको हो भनी पहिचान गर्ने र मृत्यु भएको कारण पत्ता लगाउने जस्तो दोहोरो उद्देश्य रहेको हुन्छ भन्ने कुरा बुझ्नु जरुरी हुन्छ। यसका अतिरिक्त मानव शवसँग सम्बन्धित कुरामा पीडित परिवारलाई उचित ध्यान दिन प्रतिबद्ध रहँदै शवको पहिचान र मृत्युको कारण पत्ता लगाउन र यससम्बन्धमा परिवारजनलाई सूचित र सहयोग गर्न संभावित सबै कदम चालिएको सुनिश्चित गर्नुपर्ने कुरा पनि संलग्न रहेको छ। फरेन्सिकवेत्ताको कार्यका यी पक्ष त्यस्ता विशेषज्ञ र उनीहरूलाई त्यस्तो कार्यमा लगाउने व्यक्तिका बीचमा हुने करारमा उल्लेख गरिनुपर्दछ।*

*६.२० शव उत्खनन र/वा पहिचानका दौरान पीडित परिवार र समुदायलाई संलग्न गराइनुपर्दछ। उनीहरूलाई मुद्दाको प्रसङ्गसँग मिल्नेगरी संलग्न गराइनुपर्दछ। तसर्थ उत्खनन प्रक्रियालाई सूचना प्रदान गर्ने रणनीतिको रूपमा प्रयोग गरिनुपर्दछ र यसलाई सबैले स्वीकार गरी कार्यान्वयन पनि गर्नुपर्दछ।*

*६.२१ पीडितका आफन्तले पीडितको मृत्यु हुनुभन्दा अगाडि संकलन गरेको विवरण र/वा पीडितको DNA परिक्षणकोलागि लिइएको नमुना पनि माथि उल्लेख भएबमोजिम नै हुनेछ।*

## शव उत्खनन गर्नुअघि पूर्व सहमति लिनुपर्ने :

*६.२२ शव उत्खनन प्रक्रियाको सम्पूर्ण संरचना तयार भएपछि र यस कार्यमा संलग्न सबैजना सहमत भएपछि मात्र मानव शवको संकलन,उत्खनन र पहिचान गर्ने कार्य सुरु गर्नुपर्दछ । यस्तो संरचनाअन्तर्गत उचित सन्धिजनित कानुन, पीडित परिवारका लागि मनोवैज्ञानिक सहयोग, मृत्युअगाडि संकलन गरिएको विवरणको व्यवस्थापन जस्ता कुरा पर्दछन् । यस सम्बन्धमा रहेको आम सिद्धान्तअनुरूप पीडित परिवारलाई एकपटकमात्र अन्तरवार्ता लिइनुपर्दछ तर यस्तो अन्तर्वार्ता विभिन्न चरणमा गर्नसकिन्छ । शव उत्खननको योजनालाई सघन बनाउन र पहिचान प्रक्रियालाई छिटो छरितो सम्पादन गर्न सम्भव भएसम्म अन्तरवार्ताको प्रक्रियालाई एउटैखाले परिस्थिति वा घटनामा बेपत्ता पारिएका र/वा शव एउटै स्थानबाट प्राप्त गर्ने अपेक्षा राखिएको व्यक्तिका समूहका लागि सञ्चालन गरिनुपर्दछ ।*

## पीडित परिवारका लागि सहयोग गर्नुपर्ने उत्तरदायित्व :

*७.२ पीडित परिवारको भौतिक, आर्थिक, मनोवैज्ञानिक र कानुनी आवश्यकतालाई राज्यका सम्बन्धित अधिकारीले प्रत्यक्ष रूपमा सम्बोधन गर्नुपर्दछ । राज्य नै यी सबै कुरा सुनिश्चित गर्न प्रमुख रूपले उत्तरदायी भएतापनि यसले समुदाय र विभिन्न अन्तर्राष्ट्रिय, क्षेत्रीय तथा राष्ट्रिय सरकारी वा गैसस अनि आइसिआरसिको समर्थन र सहयोग पनि लिन सक्दछ ।*

*७.७ पीडित परिवारका लागि प्रदान गरिने मनोवैज्ञानिक सहयोग वा आवश्यक परेको खण्डमा गरिने मानसिक उपचारका कार्यक्रम उनीहरूको बदलिएको परिस्थितिअनुरूप उनीहरूलाई अनुकूल हुन मद्दत गर्दै घटनालाई बिर्सन सहयोग मिल्दछ भन्ने उद्देश्यका साथ सञ्चालन गरिनुपर्दछ । सांस्कृतिक परिवेश र रहनसहनअनुरूप अनुकूल हुनका लागि यस्ताखाले कार्यक्रम स्थानीय स्तरमा नै सञ्चालित मानसिक वा चिकित्सा स्वास्थ्य प्रणालीअन्तर्गत सञ्चालन गरिनुपर्दछ । तसर्थ स्वास्थ्यका यस्ता प्रणालीलाई सहयोग गरिनुका साथै सबल बनाइनुपर्दछ ।*

*७.८ राज्यका सम्बन्धित अधिकारीले देशको राष्ट्रिय कानुनमा बेपत्ता पारिएका व्यक्तिको कानुनी अवस्था र उनीहरूको परिवारको अधिकारजस्ता प्रावधान समावेश गर्नुपर्दछ । यस सन्दर्भमा बेपत्ता पारिएका व्यक्तिको श्रीमान् वा श्रीमती र उनीहरूको सन्तानको नागरिक पहिचान र तिनको संरक्षण र पैतृक अधिकार अनि बेपत्ता पारिएका व्यक्तिको सम्पत्तिको व्यवस्थापन जस्ता मुख्य चासोका विषय हुन् ।*

## ***बेपत्ता पारिएका व्यक्तिको स्थितिबारे परिवारजनलाई जानकारी दिने :***

*८.५ आफन्तको मृत्यु भएको जानकारी दिनुपर्दछ र शव हस्तान्तरण गर्ने प्रक्रियालाई राम्ररी तयार गरिनुपर्दछ ।*

*९. बेपत्ता पारिएका व्यक्तिको स्थितिबारे स्पष्टीकरण दिने : बेपत्ता पारिएको व्यक्तिको स्थितिबारे परिवारलाई जानकारी दिने कुरा अति महत्वपूर्ण छ । के कति कारणले बेपत्ता बनाइएको हो र यसमा पीडकलाई जवाफदेही बनाइयो वा बनाइएन भन्ने कुराको सूचना पीडित परिवार र समुदाय दुवैलाई दिनुपर्दछ । यससम्बन्धमा निम्नलिखित उपाय अवलम्बन गर्न सकिन्छ :*

*९.१ बेपत्ता पारिएको व्यक्तिको स्थिति सार्वजनिक गरी सूचना प्रदान गर्नका लागि सरकारी अधिकारी र सशस्त्र समूहले स्वतन्त्र छानबिन गर्न दिनुपर्ने ;*

*९.५ बेपत्ता पारिएको व्यक्तिको स्थितिमा प्रकाश पार्ने फौजदारी अनुसन्धानद्वारा संकलन गरिएका सूचना न्यायिक प्रत्याभूति र कार्यविधि तथा गोपनीयताको अधिकारको आधार पीडित परिवारलाई प्रदान गर्ने;*

*११. मृत व्यक्तिको शव र सूचनाको व्यस्थापन : विना कुनै भेदभाव गरी मृत व्यक्तिको शवको उचित व्यस्थापन गर्ने र पीडित परिवारमा कुनै चिन्ता वा सन्देह नहुनेगरी उनीहरूलाई सोको जानकारी गराउने प्रमुख दायित्व सरकारी अधिकारी र विद्रोही समूहको हुने । यस सम्बन्धमा निम्नलिखित उपाय अवलम्बन गर्नसकिन्छ,*

*११.७ शव उत्खनन र पहिचानका लागि तयार पारिएको संरचनामा सम्बन्धित सबैजना सहमत भएपछि मात्र उत्खनन प्रक्रिया अगाडि बढाउने । यसरी तयार पारिएको संरचनामा समुदाय र पीडित परिवारलाई उत्खनन, शव परीक्षण र पहिचानको कार्यमा संलग्न गराउन उचित स्रोत र साधन रहेको कुरा सुनिश्चित गर्ने ।*[6]

## अन्तर्राष्ट्रिय विधिशास्त्र

अनुसन्धान प्रक्रियामा पीडितका परिवारको पनि संलग्नता हुनुपर्दछ भन्ने मान्यतालाई मानवअधिकार सम्बन्धी युरापेली अदालतले विभिन्न मुद्दामा जोड दिएको छ । यस्तै एउटा मुद्दामा अदालतले निम्नलिखित कुरा व्यक्त गऱ्यो :

*सार्वजनिक छानबिनको स्तर मुद्दाअनुसार फरक फरक हुन्छ । यद्यपि सबै मुद्दामा पीडितको सबैभन्दा नजिकको आफन्तलाई निजको सर्वोपरि हितको रक्षा गर्नुपर्ने हदसम्म उसलाई अनुसन्धान प्रक्रियामा सहभागी गराइनुपर्छ ।*[7]

*अनुसन्धान प्रक्रियालाई स्वतन्त्र बनाउँदै अनुसन्धानलाई पीडित र सार्वजनिक छानबिनका लागि खुल्ला गरी छिटोछरितो सम्पादन गरिनुको अलावा बेपत्ता पारिएको व्यक्तिको गैरन्यायिक ज्यान मार्ने भएको हो वा होइन र*

[6] International Conference of Governmental and Non-governmental experts - Outcome Observations and Recommendations-Adopted by Consensus, 21 February 2003, available at http://www.icrc.org/eng/resources/documents/publication/p0857.htm.

[7] Tahsin Acar v. Turkey, Application No. 26307/95, European Court of Human Rights (2004) (Emphasis added)

*यदि भएको हो भने घटनाका जिम्मेवार व्यक्तिको पहिचान गरी सजायको भागीदार बनाउनेसम्मको स्थितिमा मुद्दालाई पुऱ्याएको खण्डमा पनि अनुसन्धान प्रक्रिया प्रभावकारी हुनेगर्दछ ।*[8]

## *ग्वाटेमाला : अनुसन्धानका पद्धतिलाई मापदण्डअनुकूल बनाउने प्रयास*

बेपत्तासम्बन्धी मुद्दाको छानबिनमा भएको धेरै वर्षको अनुभवपश्चात् ल्याटिन अमेरिकाका धेरै राष्ट्रले नीतिगत संरचनाको विकास गरे । सन् १९९७ मा ग्वाटेमालामा शव उत्खननको क्षेत्रमा काम गरेका संघसंस्थाले पहिलोपटक एउटा निर्देशिका तयार पारे । यो निर्देशिका चिकित्सक, मानवशास्त्री, न्यायाधीश र सरकारी वकिलको सहयोगमा तयार पारिएको थियो । यस निर्देशिकाले फरेन्सिक अनुसन्धानका दौरान अपनाइनुपर्ने कार्यविधिलाई समेटेको छ । यो निर्देशिकालाई महान्यायाधिवक्ताले अनुमोदन वा हस्ताक्षर नगरेको भएतापनि यसलाई विभिन्न राष्ट्रका सरकारी वकिलले प्रयोग गरेका छन् ।

सन् २००३ को फेब्रुअरीमा आइसिआरसिले “बेपत्ता पारिएका व्यक्ति” का सम्बन्धमा एक अन्तर्राष्ट्रिय सम्मेलनको आयोजना गऱ्यो । उक्त सम्मेलनले गैरन्यायिक, स्वेच्छाचारी तथा सम्मरी ज्यान मार्ने को प्रभावकारी रोकथाम तथा अनुसन्धानसम्बन्धी निर्देशिकाको आलेखलाई नै मुख्य आलेखको रूपमा स्वीकार गऱ्यो । प्रयोगशालामा छानबिनका लागि फरेन्सिक मानवशास्त्रीले प्राप्त गरेका प्रमाणलाई नै यस सम्मेलनले मञ्जुरी दियो ।[9] सन् १९९२ मा मानवशास्त्रसँग

[8] Varnava and other,v. Turkey, Applications No. 16064/90, 16065/90, 16066/90, 16068/90, 16069/90, 16070/90, 16071/90, 16072/90 and 16073/90 the European Court of Human Rights (2009) (Emphasis added)

[9] ICRC, "The missing and their families. Documents of reference", http://www.icrc.org/eng/assets/files/other/icrc_002_0857.pdf. For more details on the manual and its development, see http://www1.umn.edu/humanrts/instree/execution investigation-91.html#II

सम्बन्धित पहिलो फरेन्सिक अनुसन्धानको विकास भएदेखि नै ग्वाटेमालाका मानवशास्त्रीले प्रयोग गरेको यही कार्यपद्धतिलाई नै सम्मेलनले पुष्टि गऱ्यो ।

## *दक्षिण अफ्रिकी पद्धति*

दक्षिण अफ्रिकामा पनि सत्यनिरूपण आयोगको कार्यको एक भागअन्तर्गत शव उत्खनन कार्य सम्पादन गर्नका लागि एक नीतिगत संरचनाको निर्माण गर्ने कुरामा सम्बन्धित सबैजना सहमत भए । यो नीतिगत संरचनाले यस कार्यमा संलग्न सबै पक्षले आ-आफ्नो जिम्मेवारी वहन गर्नुपर्ने आवश्यकतामाथि जोड दिँदै विभिन्न एजेन्सीहरूबीचको सहकार्यलाई पनि उच्च प्राथमिकता दिएको छ । यसमा संलग्न रहने एजेन्सीहरूमा प्रहरी, सरकारी वकिलको कार्यालय, न्याय मन्त्रालय, स्वास्थ्य मन्त्रालय, अर्थ मन्त्रालय, सेना र गुप्तचर विभाग रहेका थिए ।[10]

[10] Department of Justice and Constitutional Development, "Exhumation police. Cases of missing persons reported to the Truth and Reconciliation Commission. Invitation to submit comments", Staatskoerant, 12 December 2008, available at http://us-cdn.creamermedia.co.za/assets/articles/attachments/18647_not1539.pdf

# निष्कर्ष र सिफारिस

फौजदारी अनुसन्धानअन्तर्गत होस् वा नेपालमा जस्तो सत्यनिरूपण आयोग वा बेपत्ता आयोगजस्ता संक्रमणकालीन न्यायका संयन्त्रले सम्पादन गरेको होस् – मानिसको बाँच्न पाउने अधिकारको उल्लंघन, ज्यान मार्ने र जबर्जस्ती बेपत्ताजस्ता गम्भीर प्रकृतिका मानवअधिकार उल्लंघनका घटनामा पीडकको पहिचान गरी उनीहरूलाई जवाफदेही बनाउनका लागि प्रमाण संकलन गर्ने अभ्यासको रूपमा शव उत्खनन कार्यलाई लिइएको छ। यसलाई विशुद्ध रूपले मानवीय प्रक्रिया भन्न नमिलेतापनि पीडित परिवारलाई उनीहरूको आफन्तको शव फिर्ता गर्ने कार्य भने केही हदसम्म मानवीय कार्य नै हो।

सत्य, न्याय र परिपूरणका लागि आफ्नो अभियानलाई अगाडि बढाउँदै लैजान र कुनै पनि शव उत्खननको समयमा आफूसँग केही जिज्ञासा भए वा आफ्नो आवश्यकता वा अपेक्षाका सम्बन्धमा केही कुरा बुझ्नुपर्ने भए सम्बन्धित स्थानमा परामर्श गर्न बेपत्ता पारिएका व्यक्तिको परिवारलाई एएफले सदैव प्रोत्साहन गरिरहेको छ।

राष्ट्रिय मानवअधिकार आयोगको नेतृत्वमा भएका केही शव उत्खननले (जस्तै सरला सापकोटा र हरि प्रसाद बोलाखेको शव उत्खनन) अनुसन्धान प्रक्रियालाई

सघाई जिम्मेवार व्यक्तिको अभियोजन गर्नुको सट्टा प्रमाणहरू नै लोप हुनसक्ने जस्तो स्थिति रहनु गहिरो चिन्ताको विषय हो। त्यसैगरी निजी निकाय (जस्तै रोल्पामा माओवादीका सदस्य) ले सम्पादन गरेको गैरकानुनी शव उत्खननले प्रमाणहरू लोप गराएको थियो।

सशस्त्र द्वन्द्वका घटनालाई सम्बोधन गर्ने क्रममा नेपाल अझै पनि प्रारम्भिक चरणमा नै रहेको यथार्थलाई बोध गर्दै शव उत्खनन प्रक्रियालाई अन्तर्राष्ट्रिय मापदण्डअनुकूल बनाउन र यस सम्बन्धमा अपनाइएका सर्वोत्तम अभ्यासको अनुसरण गर्न एक स्पष्ट कानुनी र नीतिगत संरचना लागू गर्नुपर्ने अवस्था रहेको छ। यस्तो संरचनामा निम्नलिखित कुरा समावेश भएको हुनुपर्दछ :

## कानुनमा सुधार

१. उत्खनन गर्न बाँकी रहेका गैरकानुनी रूपमा शव गाड्ने स्थानको संरक्षण गर्ने जिम्मेवारी स्पष्ट रूपले सम्बन्धित निकायलाई दिइनुपर्दछ र त्यस्ता स्थानबाट प्राप्त हुनसक्ने प्रमाणलाई लोप गराउने वा अनधिकृत रूपमा सञ्चालन गरिने शव उत्खननका कार्यलाई फौजदारी अभियोग बनाइनुपर्दछ।

२. फरेन्सिक चिकित्सक अनिवार्य रूपले संलग्न रहने कुरा सुनिश्चित गर्न र प्रहरीलाई शव सद्गति गर्नबाट रोक्न सरकारी मुद्दासम्बन्धी ऐनमा संशोधन गरी विद्यमान कानुनी संरचनालाई मजबुत बनाइनुपर्दछ। यसका साथै नेपालको प्रहरी ऐन, मुलुकी ऐनको ज्यानसम्बन्धी महल र प्रस्तावित फौजदारी कार्यविधि ऐनलाई उल्लेखित सर्वोत्तम अभ्यास अनुकूल बनाउन तिनीहरूको समीक्षा र संशोधन गरिनुपर्दछ।

३. अदालतको आदेशको अवज्ञालाई गम्भीर अपराध बनाइनुपर्दछ।

४. मानवअधिकार उल्लंघन वा अन्य अपराधका पीडित र त्यसको मुख्य साक्षी कुनै पनि जोखिम वा खतराबाट सुरक्षित छन् भन्ने कुरा सुनिश्चित गर्नका लागि पीडित र साक्षीको संरक्षणसँग सम्बन्धित एउटा विस्तृत कानुन तर्जुमा गरी लागू गरिनुपर्दछ ।

## नीतिगत संरचना र व्यवहारिक उपाय

५. जटिलखाले अपराधमा प्रमाण संकलन गर्ने सन्दर्भमा शव उत्खनन अति महत्वपूर्ण चरण हुने भएकोले यो कार्य उच्चपदस्थ अधिकारी र विशेषज्ञको रेखदेखमा रही सम्पादन गरिनुपर्दछ । तसर्थ सरकारले यस सम्बन्धमा अनुभव प्राप्त उच्चपदस्थ प्रहरी अधिकारी, राष्ट्रिय मानवअधिकार आयोगका सदस्यसहितको एक विशेष छानबिन इकाइको गठन गर्नुपर्दछ जसमा ओएचसिएचआरलाई पर्यवेक्षकको रूपमा नियुक्त गरिनुपर्दछ ।

६. नेपाल प्रहरीको विशेष छानबिन इकाइसरह महान्यायधिवक्ताको कार्यालयले पनि एक विशेष इकाइको गठन गर्नुपर्दछ र यो विशेष इकाइका सदस्यलाई प्रहरीको अनुसन्धानमा निर्देशन गर्ने सक्ने गरि सशक्त बनाइनुपर्दछ ।

७. सार्वजनिक सरोकारको विषयका मुद्दामा महान्यायाधिवक्ताको कार्यालयले राज्यका अधिकारीको तर्फबाट बहस पैरवी गर्दा कुनै पनि वैचारिक विभेद नहुने कुराको सुनिश्चित गर्नका लागि उसको भूमिकाको समीक्षा गरिनुपर्दछ ।

८. शव उत्खननका सबै चरणमा (अर्थात् उत्खननपूर्व, उत्खननका बेला र उत्खननपछिका) संलग्न सबै निकायको विशिष्ट भूमिकालाई स्पष्ट रूपमा निर्दिष्ट गर्नका लागि बेपत्ता पारिएका व्यक्तिका परिवार, पीडितको संघ संगठन, मानवअधिकारवादी, स्वास्थ्यकर्मी, राष्ट्रिय मानवअधिकार आयोग

र अन्य सरोकारवालाको परामर्शमा एक नीतिगत संरचना, मापदण्ड र सन्धिजनित कानुन तर्जुमा गरिनुपर्दछ ।

९. सो नीतिगत संरचनाले विशेष अनुसन्धान टोलीसँग समुदायका सदस्य, राज्यका संस्था (नेपाली सेनालगायत) र शंकास्पद पीडकलाई अनुसन्धान कार्यमा पूर्ण रूपमा सहयोग गर्न बाध्य बनाउनसक्ने अधिकार रहेको कुरा सुनिश्चित गर्नुपर्दछ ।

१०. फौजदारी अनुसन्धानको निष्कर्ष नआउन्जेल सम्पूर्ण शंकास्पद पीडकलाई उनीहरूले वहन गरिरहेको जिम्मेवारीबाट निलम्बन गरिनुपर्दछ ।

११. यस संरचनामा संलग्न रहेका सम्पूर्ण व्यक्तिलाई अपराधको घटनाको अनुसन्धान कसरी गर्ने, भौतिक प्रमाण कसरी प्राप्त गर्ने र सुरक्षाफौजलगायत अन्य संभावित साक्षीबाट कसरी बयान लिने र अपराधमा प्रयोग भएका हातहतियारको परीक्षण र त्यसबाट विस्तृत जानकारी कसरी प्राप्त गर्ने अनि हातहतियारको सफल परीक्षण भएको कुरा सुनिश्चित गर्ने जस्ता जटिल र गम्भीर प्रकृतिका अपराध अनुसन्धानको प्रशिक्षण दिइनुपर्दछ ।

१२. उल्लेखित संरचनाले बेपत्ता पारिएका व्यक्तिको आफन्तजन, पीडितका संघ संस्था र यस प्रक्रियाका दौरान पीडित परिवारमा पर्ने भावनात्मक असरलाई कम गर्न सहयोग गर्ने व्यक्ति वा संस्थासँग गरिएको संवादको प्रभावकारी रूपले कार्यान्वयन भएको सुनिश्चित गर्नुपर्ने र संरचनाका निकायलाई तत्सम्बन्धी जिम्मेवारी तोक्नुपर्दछ ।

१३. पीडित परिवारलाई मनोवैज्ञानिक सहयोग दिने कुरा सुनिश्चित गरिनुपर्दछ । यसो गर्दा उनीहरूको आवश्यकता वा अपेक्षा के हो वा उनीहरूको कुनै जिज्ञासा भए नभएको कुराको जानकारी लिन उनीहरूसँग पहिला नै परामर्श गर्दै यस्तो कार्यको पुनरावृत्ति नहुने कुराको सुनिश्चितता

गराइनुपर्दछ । यसका साथै यस्तो मुद्दामा वैज्ञानिक र प्राविधिक अनुसन्धानबाट संकलन गरिएका सूचना पाउने अधिकार पीडितका परिवारको नै हुन्छ भन्ने कुराको जानकारी दिँदै सत्य, न्याय र परिपूरणको खोजीमा उनीहरूले गरेको प्रयासलाई सहयोग गर्नुपर्दछ ।

१४. जनचेतना र सूचनाको स्पष्ट रणनीतिलगायत बेपत्ता पारिएका व्यक्तिको मृत्युअगाडि संकलन गरिएका मापदण्डअनुकूलको विवरणलाई पनि यसै नीतिगत संरचनाअन्तर्गत समावेश गरिनुपर्दछ । यस्ताखाले सूचना संकलन गर्ने व्यक्तिलाई पीडित परिवारको मनोसामाजिक आवश्यकता बुझ्ने गरी उचित प्रशिक्षण दिइनुपर्दछ । यस प्रयोजनका लागि पर्याप्त आर्थिक स्रोतको व्यवस्था गरिनुपर्दछ ।

१५. बेपत्ता पारिएका व्यक्तिको सम्पूर्ण कुरा पत्ता लगाउन सर्वाधिक प्रभावकारी प्रयास अवलम्बन गरिएको कुरा सुनिश्चित गर्न बेपत्ता भएका व्यक्तिको सम्पूर्ण विवरण संकलन गरी सूची तयार पारिनुपर्दछ र यसको रजिष्टर व्यवस्थापन गर्न जिम्मेवार रहेको निकायलाई पनि स्पष्ट रूपमा यही संरचनामा नै उल्लेख गरिनुपर्दछ ।

१६. पुनःप्रतिस्थापन (सम्भव भएको समयमा), पुनःस्थापना, क्षतिपूर्ति, सन्तुष्टि र पुनरावृत्ति नहुने प्रत्याभूतिलगायत परिपूरणका अन्य प्रकार The Basic Principles and Guidelines on the Right to a Remedy and Reparation for Victims of Gross Violations of International Human Rights and Serious Violations of International Humanitarian Law अनुरूप पीडित परिवारलाई प्रदान गरिनुपर्दछ ।[1]

[1] Adopted by the United Nations General Assembly, Resolution 60/147.